# प्रादेशिक आर्थिक गतिविधि अध्ययन

## लुम्बिनी प्रदेश

## अर्ध-वार्षिक प्रतिवेदन

(आ.व.२०७८/७९)




**नेपाल राष्ट्र बैंक**

**सिद्धार्थनगर कार्यालय**

२०७९ असार

# भूमिका

**मुलुकको केन्द्रिय बैकको रुपमा स्थापित नेपाल राष्ट्र** बैङ्कले देशको समष्टिगत अर्थतन्त्र, आर्थिक विकास, वित्तीय बजारको विकास, मुद्राप्रदाय, मूल्य स्थिरता, कर्जाको विस्तार, शोधनान्तर लगायतका विषयमा अध्ययन/अनुसन्धान गर्ने गर्दछ । सो प्रयोजनार्थ तथ्याङ्क संकलन/प्रशोधन/विश्लेषण गर्ने र प्राप्त नतिजालाई प्रतिवेदनको रुपमा निष्काशन गरी सार्वजनिक रुपमा प्रकाशन गर्दै आईरहेको छ ।

मुलुकको शासकीय स्वरुप संघीय संरचनामा रुपान्तरण भएपश्चात् प्रदेशगत रुपमा केन्द्रीय बैंकको काम कारबाही लाई थप स्पष्ट र प्रभावकारी बनाउन आर्थिक वर्ष २०७६/७७ देखी यस लुम्बिनी प्रदेशमा रहेका १२ वटै जिल्लाहरु रुपन्देही, कपिलवस्तु, नवलपरासी, पाल्पा, गुल्मी, अर्घाखाँची, दाड, बाके, बर्दिया, रुकुम, रोल्पा र प्यूठानलाई समेटी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्न थालिएको छ । बैकले जारी गरेको **"आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन २०७६" बमोजिम** कार्यक्षेत्रभित्र पर्ने यी जिल्लाहरुको कृषि, उद्योग र सेवा तथा यस अन्तर्गत तोकिएका अन्य शीर्षकहरुको समेत निर्दिष्ट ढाँचामा अर्ध वार्षिक तथ्याङ्क संकलन गरी सो वमोजिम आर्थिक गतिविधिको अध्ययन विश्लेषणमार्फत् आर्थिक वर्ष २०७८/७९ को (२०७८ साउनदेखि २०७८ पुससम्मको तथ्याङ्कमा आधारित भई) यो अर्ध-वार्षिक प्रतिवेदन तयार पारिएको छ ।

केन्द्रीय तथ्याङ्क बिभागको पछिल्लो तथ्याङ्क अनुसार आ.व.२०७८/७९ को कुल ग्राहस्थ उत्पादनमा लुम्बिनी प्रदेशको अंश १४.१२ प्रतिशत रहेको छ । उक्त कुल ग्राहस्थ उत्पादनमा सेवा क्षेत्रको योगदान उच्च रहेको र तत् पश्चात क्रमशः कृषि र उद्योग क्षेत्रको रहेको छ । यस अध्ययन प्रतिवेदन वमोजिम आ.व. २०७८/७९ को प्रथम ६ महिनाको तथ्याङ्क बिश्लेषण गर्दा–समग्रमा यस प्रदेशको कृषि क्षेत्र अर्न्तगत खाद्य तथा अन्न बाली लगाएको भूक्षेत्र एवं उत्पादनमा ह्रास आएको तर पशुजन्य उत्पादनमा वृद्धि भएको देखिन्छ । यस क्षेत्रको कृषकहरु भारतीय कृषि उत्पादनसंग प्रतिस्पर्धा गर्न नसकी कृषि पेशाबाट अन्यतर्फ आर्कषित हुन सक्ने संभावना रहेको देखिएको छ । उद्योगको क्षमता उपयोग ५० प्रतिशत रहेको छ । त्यसैगरी, सेवा क्षेत्रतर्फ बैक तथा वित्तीय क्षेत्रको उपस्थिति उत्साहजनक रहेको तथा होटल एवं पर्यटन क्षेत्रको वृद्धिदर अघिल्लो सोही अवधिको तुलनामा उच्च रहेको छ तर सो को अधिकेन्द्रित भने रुपन्देही जिल्लामा रहेको देखिन्छ । हालसालै संचालनमा आएको गौतम बुद्ध अर्न्तराष्ट्रिय विमानस्थल र त्यसले प्रर्वद्धन गर्ने आर्थिक गतिविधिले यस प्रदेशको आर्थिक वृद्धिमा सकारात्मक प्रभाव पार्ने देखिन्छ । साथै, रुपन्देहीबाट औद्योगिक कोरिडोरको रुपमा स्थानान्तरण र विकास भैरहेको पश्चिम नवलपरासी क्षेत्रको संभावना, स्थापना भैसकेको भैरहवा विशेष आर्थिक क्षेत्रको सबलीकरणमा सरकारले गर्न खोजेको थप प्रयासले यस क्षेत्रको आर्थिक गतिविधिमा वृद्धि हुने अपेक्षा गर्न सकिन्छ । जिल्लागत तवरबाट हेर्दा भौगोलिक विकटताले रुकुम, रोल्पा लगायका केही जिल्लाहरुको अवस्था कमजोर देखिएतापनि ती जिल्लाहरुमा बढ्दै गरेको आर्थिक गतिविधिले जिल्लाहरुको अवस्थामा निरन्तर सुधार आउने संभावना रहेको छ ।

यस प्रदेशमा रहेका कृषि, उद्योग, व्यापार, सेवा क्षेत्र लगायत निजी क्षेत्रको संलग्नतामा भएका केही प्रमुख आर्थिक गतिविधीहरुलाई समेटी तयार पारिएको यो प्रतिवेदन यस क्षेत्रका सम्बन्धित सरोकारवालाहरुलाई उपयोगी हुने विश्वास लिएकी छु । यसै क्रममा हामीलाई तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नुहुने लुम्बिनी प्रदेशका मन्त्रालय तथा मातहतका कार्यालयहरु, १२ वटै जिल्लाका सरकारी तथा निजी क्षेत्रका कार्यालयहरु, उद्योग, व्यापारिक प्रतिष्ठान एवम् संस्थाहरुप्रति आभार प्रकट गर्दछु । कठिन परिस्थितिमा पनि यो प्रतिवेदन तयार पार्न संयोजन गर्नुहुने उप निर्देशक श्री गुलाव धवललाई विशेष धन्यवाद दिन चाहन्छु । यसैगरी, प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न हुनुहुने आर्थिक अनुसन्धान इकाईका सहायक निर्देशक श्री माधव राज ढकाल, प्रधान सहायक श्री देवराज ज्ञवाली र सहायक श्री मनिश श्रीवास्तव एवम् आर्थिक अनुसन्धान इकाई नेपालगञ्ज टोलीका सहायक निर्देशक श्री लवली श्रीवास्तव, सहायक निर्देशक श्री राहुल कनोजिया, प्रधान सहायक श्री विष्णु बहादुर के.सी. र सहायक श्री भीम बहादुर रानालाई समेत धन्यवाद दिन चाहन्छु ।

रञ्जना पण्डित पौडेल
निर्देशक

## विषय-सूची


| | | | पेज नं. |
|---|---|---|---|
| **सारांश** | | | ४ |
| **परिच्छेद १** | **अध्ययन परिचय** | | ६-७ |
| | १.१ | पृष्ठभुमि | ६ |
| | १.२ | अध्ययनको उद्देश्य | ६ |
| | १.३ | अध्ययन बिधि | ६ |
| | १.४ | अध्ययनको सीमा | ७ |
| | १.५ | अध्ययन प्रतिवेदनको ढाँचा | ७ |
| **परिच्छेद २** | **कृषि, उद्योग र सेवा क्षेत्रको तुलनात्मक स्थिति** | | ८-१४ |
| | २.१ | लुम्बिनी प्रदेशको परिचय | ८ |
| | २.२ | राष्ट्रिय अर्थतन्त्रमा लुम्बिनी प्रदेशको क्षेत्रगत हिस्सा | ८ |
| | २.३ | अन्तरप्रदेश तुलना | ८ |
| | २.४ | प्रादेशिक क्षमता, सम्भावना तथा चुनौतीहरु | १२ |
| **परिच्छेद ३** | **कृषि क्षेत्र** | | १५-२३ |
| | ३.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | १५ |
| | ३.२ | कृषि उत्पादन | १७ |
| | ३.३ | पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन | १९ |
| | ३.४ | सिँचाइ तथा मौसम | २० |
| | ३.५ | क्षेत्रगत कृषि कर्जा | २१ |
| | ३.६ | कृषि क्षेत्रका चुनौतीहरु तथा सम्भावना | २२ |
| **परिच्छेद ४** | **उद्योग क्षेत्र** | | २४-२६ |
| | ४.१ | उद्योगको क्षमता उपयोग तथा उत्पादन | २४ |
| | ४.२ | औद्योगिक उत्पादनको अवस्था | २४ |
| | ४.३ | क्षेत्रगत औद्योगिक कर्जा | २४ |
| | ४.४ | औद्योगिक कर्जा | २५ |
| | ४.५ | औद्योगिक क्षेत्रको सम्भावना तथा चुनौतीहरु | २६ |
| **परिच्छेद ५** | **सेवा क्षेत्र** | | २७-३७ |
| | ५.१ | पर्यटन | २७ |
| | ५.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | २८ |
| | ५.३ | वित्तीय सेवा | २९ |
| | ५.४ | बचत तथा ऋण सहकारी संस्था | ३२ |
| | ५.५ | यातायात | ३४ |
| | ५.६ | फण्ड ट्रान्सफर | ३४ |
| | ५.७ | विदेशी विनिमय | ३५ |
| | ५.८ | भारतीय मुद्रा खरिद विक्री | ३५ |
| | ५.९ | सेवा क्षेत्र कर्जा | ३५ |
| | ५.१० | सेवा क्षेत्रको सम्भावना तथा चुनौतीहरु | ३६ |
| **परिच्छेद ६** | **पूर्वाधार र रोजगारी** | | ३८-४३ |
| | ६.१ | पूर्वाधार क्षेत्र | ३८ |
| | ६.२ | रोजगारी | ४२ |
| | ६.३ | पूर्वाधार र रोजगारी क्षेत्रका सम्भावना तथा चुनौतीहरु | ४३ |
| **परिच्छेद ७** | **आर्थिक परिदृष्य** | | ४४-४५ |
| | ७.१ | कृषि उत्पादन | ४४ |
| | ७.२ | औद्योगिक उत्पादन | ४५ |
| | ७.३ | सेवा क्षेत्र | ४५ |
| | ७.४ | पूर्वाधार क्षेत्र | ४५ |

| **बक्स-सूची** | **पेज नं.** |
|---|---|
| बक्सः १ कृषिको समावेशी रुपान्तरणको लागि मूल्य श्रृंखला | २२ |
| बक्सः २ गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थलको व्यवसायिक संचालन | ४० |
| बक्सः ३ रोल्पा जिल्लास्थित माडि जलाशययुक्त जलविद्युत परियोजना (१५६ मेगावाट) | ४२ |

| **तालिका-सूची** | पेज नं. |
|---|---|
| तालिका २.१: आर्थिक वर्ष २०७८/७९ को आर्थिक परिसूचकहरु | ११ |
| तालिका २.२: लैङ्गिक अनुपात र जनघनत्वको प्रदेशगत अवस्था | १२ |
| तालिका ३.१: खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्रको हिस्सा | १५ |
| तालिका ३.२ : जिल्लागत फलफूल तथा मसलाले ढाकेको भू-क्षेत्रकोअवस्था | १६ |
| तालिका ३.३: खाद्य तथा अन्य बालीको उत्पादन | १७ |
| तालिका ३.४: जिल्लागत तरकारी उत्पादनको अवस्था | १८ |
| तालिका ३.५: जिल्लागत फलफूल तथा मसलाको उत्पादनको अवस्था | १८ |
| तालिका ३.६: जिल्लागत कृषि कर्जाको अवस्था | २१ |
| तालिका ४.१: उद्योगको क्षमता उपयोग (प्रतिशत परिवर्तन) | २४ |
| तालिका ४.२: जिल्लागत औद्योगिक कर्जाको अवस्था | २५ |
| तालिका ५.१: होटल, होमस्टे र पर्यटन आगमनको अवस्था | २७ |
| तालिका ५.२: जिल्लागत निक्षेप, कर्जा र कर्जा/निक्षेप अनुपातको अवस्था | ३१ |
| तालिका ५.३: बचत तथा ऋण सहकारी संस्थाहरुमा सदस्य तथा कर्मचारी संख्याको अवस्था | ३४ |
| तालिका ५.४: यातायात साधनको अवस्था (प्रतिशत परिवर्तन) | ३४ |
| तालिका ५.५: परिवर्त्य विदेशी मुद्रा खरिद विवरण (प्रतिशत परिवर्तन) | ३६ |
| तालिका ५.६: जिल्लागत सेवा क्षेत्र कर्जाको अवस्था | ४३ |
| तालिका ६.१: बैंक तथा वित्तीय संस्थाहरुमा रोजगारीको अवस्था | |

| **चार्ट-सूची** | पेज नं. |
|---|---|
| चार्ट २.१: कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान | ८ |
| चार्ट २.२: प्रदेशगत आर्थिक वृद्धिदर (प्रतिशतमा) | ९ |
| चार्ट २.३: कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको क्षेत्रगत योगदान (प्रतिशतमा) | ९ |
| चार्ट २.४: प्रदेशगत उद्योग, लगानी र जलविद्युत् उत्पादनको हिस्सा (प्रतिशत) | १० |
| चार्ट २.५: जनसंख्याको प्रदेशगत वितरण हिस्सा (प्रतिशत) | ११ |
| चार्ट २.६: प्रदेशगत जनसंख्या वृद्धिदर (प्रतिशत) | १२ |
| चार्ट ३.१: खाद्य तथा अन्य बालीले ढाकेको भु-क्षेत्र (प्रतिशत परिवर्तन) | १५ |
| चार्ट ३.२: तरकारी बालीले ढाकेको भू-क्षेत्रको हिस्सा | १६ |
| चार्ट ३.३: फलफूल तथा मसलाले ढाकेको भू-क्षेत्रको अवस्था (प्रतिशत परिवर्तन) | १६ |
| चार्ट ३.४: खाद्य तथा अन्य बालीको उत्पादनको अवस्था (प्रतिशत परिवर्तन) | १७ |
| चार्ट ३.५: फलफूल तथा मसला उत्पादन अवस्था (प्रतिशत परिवर्तन) | १९ |
| चार्ट ३.६: पशुपन्छी उत्पादन अवस्था (प्रतिशत परिवर्तन) | १९ |
| चार्ट ३.७: वनजन्य उत्पादन अवस्था (प्रतिशत परिवर्तन) | २० |
| चार्ट ३.८: कुल सिँचित क्षेत्रफलको अवस्था (प्रतिशत परिवर्तन) | २० |
| चार्ट ३.९: कृषि कर्जाको अवस्था (प्रतिशत परिवर्तन) | २१ |
| चार्ट ४.१: कुल औद्योगिक कर्जाको अवस्था (प्रतिशत परिवर्तन) | २५ |
| चार्ट ५.१: छनौटमा परेका होटलहरुको अकुपेन्सी तथा रोजगारी वृद्धिदर (प्रतिशत परिवर्तन) | २८ |
| चार्ट ५.२: घर/भवन स्थायी नक्सा पास संख्याको अवस्था | २८ |
| चार्ट ५.३: घरजग्गा रजिस्ट्रेशन राजस्वको जिल्लागत योगदान (प्रतिशत) | २९ |
| चार्ट ५.४: जिल्लागत बैंक तथा वित्तीय संस्थाका शाखा संख्याको अवस्था | ३० |
| चार्ट ५.५: जिल्लागत मोबाईल बैंकिङ्ग तथा ईन्टरनेट बैंकिङ्ग र शाखा रहित बैंकिङ्ग सेवा 'क' वर्ग (हिस्सा | ३० |
| चार्ट ५.६: बचत तथा ऋण सहकारी संस्थाको पूंजी, बचत र ऋणको अवस्था | ३३ |
| चार्ट ५.७: कुल सेवा कर्जाको हिस्सा (प्रतिशतमा) | ३५ |
| चार्ट ६.१: बैदेशिक रोजगारीमा जिल्लागत हिस्सा(प्रतिशतमा) | ४२ |

# सारांश

लुम्बिनी प्रदेश अन्तर्गतका १२ जिल्लाहरुको स्थलगत तथा गैरस्थलगत भ्रमण गरी यस कार्यालयले तयार गरेको आर्थिक वर्ष २०७८/७९ को अर्ध-वार्षिक (२०७८ साउनदेखि २०७८ पुससम्मको तथ्याङ्कमा आधारित) अध्ययन प्रतिवेदनको कार्यकारी सारांश निम्नानुसार प्रस्तुत गरिएको छ।

## कृषि क्षेत्र :

१. समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल २.६४ प्रतिशतले वृद्धि भएको छ।

२. समीक्षा अवधिमा तरकारी बालीले ढाकेको क्षेत्रफल ३.८८ प्रतिशत र तरकारी उत्पादन २०.२८ प्रतिशतले घटेको छ भने फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल गत अवधिको तुलनामा १२.०१ प्रतिशत र उत्पादन २६.०९ प्रतिशतले वृद्धि भएको छ।

३. समीक्षा अवधिमा नवलपरासी पश्चिम जिल्लामा केराले ढाकेका भू-क्षेत्र विस्तार हुनुको साथै केरा उत्पादन १८०.६१ प्रतिशतले वृद्धि भएको छ।

४. समीक्षा अवधिमा रुकुम पूर्व जिल्लामा मह उत्पादनमा भारी गिरावट आएको कारण समग्र मह उत्पादन ७०.११ प्रतिशतले घटेको छ।

५. समीक्षा अवधिमा पशुपन्क्षी उत्पादन मध्ये दूध उत्पादन १२.६७ प्रतिशत, मासु १५.१९ प्रतिशत, अण्डा २५.२८ प्रतिशत, छाला २.१४ प्रतिशत र हाड उत्पादन ६.४५ प्रतिशतले वृद्धि भएको छ।

६. समीक्षा अवधिमा बाँके जिल्लामा मत्स्य पालनको भू-क्षेत्रमा वृद्धि र २५०० भुरा प्रति कट्ठा राख्न मिल्ने पङ्गास जातको माछा समेतको व्यवसायिक उत्पादन सुरु भएको कारण समग्र माछा उत्पादन १८.८६ प्रतिशतले वृद्धि भएको छ।

७. सामुदायिक वनमा कटान कार्य नभएको कारण वनजन्य उत्पादन अन्तर्गत काठ उत्पादन २०.५२ प्रतिशत, दाउरा २६.९५ र औषधीजन्य वस्तु उत्पादन २६.८५ प्रतिशतले घटेको छ।

८. समीक्षा अवधिमा कुल खेतीयोग्य क्षेत्रफलको २५.८१ प्रतिशत र खेती गरिएको क्षेत्रफलको ४४.१३ प्रतिशत हिस्सा सिंचित भएको छ।

९. समीक्षा अवधिमा कृषि क्षेत्रमा प्रवाहित कृषि कर्जा २६.१५ प्रतिशतले वृद्धि भएको छ भने कुल प्रवाहित कृषि कर्जामा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा धेरै (४०.८८ प्रतिशत) र रुकुमपूर्व जिल्लाको हिस्सा सबैभन्दा कम (०.०४ प्रतिशत) मात्र रहेको छ।

## उद्योग क्षेत्र :

१०. समीक्षा अवधिमा यस प्रदेशका उद्योगहरुको औसत क्षमता उपयोग ५०.१८ प्रतिशत रहेको छ। नमुना छनौटमा परेका उद्योगहरुमध्ये आल्मुनियम उद्योगले शतप्रतिशत क्षमता उपयोग गरेको छ भने तोरीको तेल उद्योगले सबैभन्दा कम (२१.९३ प्रतिशत) क्षमता उपयोग गरेको छ।

११. समीक्षा अवधिमा सिन्थेटिक कपडा, कागज, प्लाष्टिकका सामान, सिमेन्ट, कंक्रिट, फलामको छड तथा पत्ति, चाउचाउ र विजुलीको तार तथा केबुल उत्पादन बढेको छ भने रोजिन र मदिरा उत्पादन घटेको छ।

१२. समीक्षा अवधिमा औद्योगिक क्षेत्रमा प्रवाहित कर्जा १४.०८ प्रतिशतले वृद्धि भएको छ भने कुल प्रवाहित कर्जामा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा धेरै (६२.६६ प्रतिशत) छ। रुकुमपूर्व जिल्लामा यस्तो हिस्सा सबैभन्दा कम (०.०४ प्रतिशत) रहेको छ।

## सेवा क्षेत्र :

१३. समीक्षा अवधिमा पर्यटकस्तरीय होटल तथा लज संख्या १८.३० प्रतिशतले बढेको छ। यसैगरी, होटल तथा लज शैया संख्या, प्रत्यक्ष रोजगारी संख्या र अकुपेन्सीदर समेत बढेको छ भने भारतबाट १०,३५० र तेस्रो मुलुकबाट १,४१५ गरी जम्मा ११,७६५ पर्यटकको आगमन भएको छ।

१४. समीक्षा अवधिमा कुल घर तथा भवनको नक्सा पास संख्यामा सामान्य वृद्धि भएको छ भने रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा धेरै ४७.२८ प्रतिशत र रुकुम पूर्व जिल्लामा शून्य रहेको छ । घरजग्गा रजिष्ट्रेशन संख्या २०.०३ प्रतिशतले ह्रास आएको भएतापनि सोवापत संकलन हुने राजस्व ८८.३० प्रतिशतले वृद्धि भएको छ ।

१५. समीक्षा अवधिमा यस प्रदेशमा 'क' वर्गको ७२४, 'ख' वर्गको २४१, 'ग' वर्गको ४३ र 'घ' वर्गको ११५८ गरी कुल २१६६ वटा बैंक तथा वित्तीय संस्थाहरु मध्ये रुपन्देही जिल्लामा सबैभन्दा बढी ५३० वटा र रुकुमपूर्व जिल्लामा सबैभन्दा कम (१५ वटा शाखाहरु) सञ्चालनमा रहेका छन् । यस प्रदेशमा बाणिज्य बैंकहरुको कुल शाखा रहित बैंकिङ्ग सेवा रुपन्देही जिल्लामा सवैभन्दा धेरै (३८.१२ प्रतिशत) रहेको छ भने रुकुमपूर्व जिल्लामा सबैभन्दा कम (०.३४ प्रतिशत) रहेको छ ।

१६. समीक्षा अवधिमा यस प्रदेशमा कुल निक्षेप सामान्य वृद्धि भएको भएतापनि कर्जा प्रवाह १४.६२ प्रतिशतले वृद्धि भएको छ र कर्जा/निक्षेप अनुपात १३३.३५ प्रतिशत रहेको छ । प्रवाहित कुल कर्जामा विपन्न वर्ग कर्जाको ८.८२ प्रतिशत, पुनरकर्जाको ४.२१ प्रतिशत र सहुलियतपूर्ण कर्जाको ५.६४ प्रतिशत हिस्सा रहेको छ ।

१७. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेप १८.४० प्रतिशतले वृद्धि भएको छ भने कुल कर्जा २३.५२ प्रतिशतले वृद्धि भएको छ ।

१८. समीक्षा अवधिमा बचत तथा ऋण सहकारी संस्थाहरुको कुल पुँजी, बचत परिचालन, कुल ऋण प्रवाह र सदस्य संख्या समेत बढेको छ ।

१९. समीक्षा अवधिमा कुल सवारी साधनको संख्या ९.८६ प्रतिशतले वृद्धि भई १० लाख २२ हजार ४०५ पुगेको छ ।

२०. समिक्षा अवधिमा परिवर्त्य विदेशी मुद्रा खरिद ६७.५७ प्रतिशतले घटेको छ भने सिद्धार्थनगर कार्यालयबाट भारतीय मुद्राको विक्री कार्य घटाइएको छ ।

# परिच्छेद १

## अध्ययन परिचय

### १.१ पृष्ठभुमि

नेपाल राष्ट्र बैंकले देशको बैकिङ्ग तथा वित्तीय क्षेत्रको नियमनकारी निकाय, नेपाल सरकारको आर्थिक सल्लाहकार एवम् देशको वाह्य क्षेत्र व्यवस्थापन गर्ने भूमिकामा रहेर देशको मौद्रिक तथा विदेशी विनिमय नीति तर्जुमा तथा कार्यान्वयनमार्फत देशको समष्टिगत आर्थिक व्यवस्थापनमा सहयोग गर्दै आइरहेको छ । बैंकले नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा भएका उदेश्यहरु हासिल गर्ने क्रममा देशको आर्थिक नीति निर्माण गर्न सहयोग पुग्ने गरी गर्ने प्रकाशनहरुमध्ये आर्थिक गतिविधि सम्बन्धी अध्ययन एवम् प्रतिवेदन तयार गर्ने र सोको प्रकाशन गर्दै सरोकारवालाहरुलाई आर्थिक निर्णयहरु गर्न सहयोग गर्दै आएको छ । यस्तो आर्थिक गतिविधि अध्ययन प्रतिवेदन बार्षिक (साउनदेखि असार मसान्त) र अर्ध-वार्षिक (साउनदेखि पुस मसान्त) सम्म गरी एक आर्थिक वर्षमा २ पटक प्रकाशन गर्दै आएको छ । यसै सिलसिलामा नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयले लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०७८/७९ साउनदेखि पुस मसान्तसम्मको अर्ध-वार्षिक तथ्याङ्कको आधारमा यो प्रतिवेदन तयार गरेको छ ।

विगतमा लुम्बिनी प्रदेशका केही जिल्लाहरुबाट मात्रै तथ्याङ्क संकलन गरी नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले अध्ययन प्रतिवेदन प्रकाशन गर्ने गरिएकोमा हाल यस प्रदेशका १२ वटा जिल्लाहरुबाट तथ्याङ्क संकलन गरी अध्ययन प्रतिवेदन प्रकाशन गर्ने गरिएको छ । लुम्बिनी प्रदेशको आर्थिक गतिविधि अध्ययनका लागि आवश्यक तथ्याङ्क तथा सूचनाहरु नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयको कार्यक्षेत्र अन्तर्गतका नवलपरासी पश्चिम, रुपन्देही, कपिलवस्तु, पाल्पा, गुल्मी, अर्घाखाँची, प्युठान र रोल्पा गरी ८ वटा जिल्लाहरुबाट र नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालयको कार्यक्षेत्र अन्तर्गतका बाँके, बर्दिया, दाङ्ग र रुकुम पूर्व गरी ४ जिल्लाहरुबाट संकलन गरी प्रतिवेदन तयार गर्ने गरिएको छ ।

### १.२ अध्ययनको उद्देश्य

लुम्बिनी प्रदेशको प्रादेशिक संरचना अनुसारको आर्थिक गतिविधि अध्ययन/विश्लेषण गरी सोको प्रतिवेदन तयार गर्ने यस अध्ययनको मुख्य उद्देश्य रहेको छ । साथै, बिभिन्न आर्थिक क्षेत्रहरुको वस्तुस्थिति र यसमा भईरहेको परिवर्तनको समेत अनुगमन गर्ने यस अध्ययनको उद्देश्य रहेको छ ।

### १.३ अध्ययन बिधि

यस प्रतिवेदनमा आर्थिक वर्ष २०७८/७९ को प्रथम ६ महिनामा लुम्बिनी प्रदेशमा भएका प्रमुख आर्थिक गतिविधिहरुको विश्लेषण गरी यस प्रदेशको आर्थिक अवस्थिति दर्शाइएको छ । मुख्यगरी कृषि, उद्योग, सेवा र पुर्वाधार क्षेत्रको स्थिति र सोमा भएको परिवर्तन लगायत राष्ट्रिय अर्थतन्त्रमा लुम्बिनी प्रदेशको हिस्सा एवं अन्य आर्थिक स्थितिको विवरण यस प्रतिवेदनमा उल्लेख गरिएको छ । समग्रमा देहाय बमोजिमको अध्ययन विधि यस प्रतिवेदनले अंगालेको छ ।

- नेपाल राष्ट्र बैंकबाट जारी भएको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६" अनुसार यस प्रदेशका विभिन्न मन्त्रालय तथा मातहतका निकायहरु, निर्देशनालयहरुका साथै जिल्ला स्थित तोकिएका कार्यालयहरु, निजि उद्योग तथा प्रतिष्ठानहरुबाट स्थलगत तथा गैर स्थलगत माध्यमवाट तथ्याङ्क तथा सूचनाहरु संकलन गरिएको छ ।
- संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सम्बन्धित जिल्लास्थित कृषि ज्ञान केन्द्रहरु, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु, जलस्रोत तथा सिचांई विकास डिभिजन कार्यालयहरु, जिल्ला वन कार्यालयहरुबाट कृषि,वन, पशुपालन लगायतका तथ्याङ्क सङ्कलन गरिएको छ ।
- नमुना छनौटमा परेका उद्योगहरु मध्ये रुपन्देहीबाट १२, नवलपरासी पश्चिमबाट २, दाङबाट १, बाँकेबाट ६ र बर्दियाबाट २ गरी जम्मा २३ वटा उद्योगहरुबाट स्थलगत भ्रमण तथा विद्युतीय माध्यमबाट उद्योग सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ ।
- खाद्य तथा अन्य बाली अन्तर्गतका धान, गहुँ, मकै, कोदो, जौं र फापरले ढाकेको क्षेत्रफल र उत्पादन, कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा, निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा, मालपोत कार्यालयको घरजग्गा रजिष्ट्रेशन संख्या र सो वापतको राजश्व रकमसंग सम्बन्धित तथ्याङ्क नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग, काठमाण्डौं बाट प्राप्त गरिएको छ ।

- नमुना छनौटमा परेका १० वटा पर्यटक स्तरीय होटलहरुको स्थलगत सर्वेक्षण, अध्यागमन कार्यालयहरु, गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल, होटल व्यवसायी संघ प्रदेश कार्यालयबाट पर्यटनसँग सम्बन्धित तथ्याङ्क संकलन गरिएको छ ।
- सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न यस प्रदेशका १० वटा वचत तथा ऋण सहकारी संस्थाहरुको नमुना छनौट गरी विवरण संकलन गरिएको छ ।
- मनिचेञ्जर तथा विदेशी मुद्रा सटही, फण्ड ट्रान्सफर, परिवर्त्य विदेशी मुद्रा खरिद तथा भारतीय मुद्रा खरिद बिक्री सम्बन्धी विवरण नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालयबाट लिइएको छ ।
- प्रादेशिक सरकारी वित्त सम्बन्धी विवरण प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र बैदेशिक व्यापार सम्बन्धी विवरण सम्बन्धित जिल्लाका भन्सार कार्यालयहरुबाट प्राप्त गरिएको छ ।
- लुम्बिनी प्रदेशमा पूर्वाधारसंग सम्बन्धित स्थापित एवं हालसालै घोषणा गरीएका राष्ट्रिय गौरवका आयोजना, निजि क्षेत्रका आयोजना तथा केन्द्रीयस्तरका आयोजनाहरु मध्ये नमूना छनौटमा परेका ५ वटा आयोजनाहरुको भौतिक तथा वित्तीय प्रगति, आसपासका क्षेत्रमा पारेको प्रभाव र समस्या तथा चुनौतिहरु सम्बन्धी तथ्याङ्क संकलन गरी अध्यन प्रतिवेदनमा समेटिएको छ ।
- कार्यक्षेत्र भित्र रहेका केही जिल्लाहरुबाट अवलोकन भ्रमणको आधारमा सुचना लिईएको छ ।
- स्थलगत सर्वेक्षणबाट प्राप्त प्राथमिक तथ्याङ्क र विभिन्न स्रोतबाट प्राप्त द्वितीय तथ्याङ्कहरुको प्रस्तुतीकरण तथा विश्लेषण प्रकृतिको आधारमा Statistical Tools र आवश्यक चार्ट तथा डायग्राम प्रयोग गरिएको छ ।
- प्राप्त तथ्याङ्कलाई प्रशोधन तथा सरलीकृत बनाउन Excel Sheet जस्ता Computer Software प्रयोग गरिएको छ ।

## १.४ अध्ययनको सीमा

- यो अध्ययन "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६" ले तोकेको तथ्याङ्क प्रदायक निकायहरुबाट प्राप्त तथ्याङ्कमा आधारित रहेको छ ।
- छानिएका उद्योगहरुबाट मात्र प्राप्त तथ्याङ्क एवं सुचनाहरुको आधारमा उद्योग क्षेत्रको प्रतिनिधित्व गर्दै सो को विश्लेषण गरिएको छ ।
- पर्यटन क्षेत्रको अकुपेन्सीदर तथा रोजगारी र सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न  १० वटा पर्यटक स्तरीय होटल र १० वटा वचत तथा ऋण सहकारी संस्थाहरु मात्र छनौट गरिएको छ र यसैको आधारमा यि क्षेत्रको विश्लेषण गरिएको छ ।
- पुर्वाधार एंव भौतिक निर्माण तर्फ स्थानिय निकायबाट निर्माण भएका आयोजनाहरुको पुर्ण विवरण प्राप्त हुन नसकेकोले जिल्लागत आयोजना विवरणमा भिन्नता रहन सक्ने देखिन्छ ।
- विभिन्न निकायहरुले प्रदान गरेका तथ्याङ्कहरुमा नियमित अद्यावधिकता को समस्या रहेको देखिएको छ ।
- यस अध्ययनमा पूर्वाधार अन्तर्गतको सडक र सेवाक्षेत्र अन्तर्गगतका शिक्षा, स्वास्थ्य र सञ्चार क्षेत्र समेटिएको छैन ।

## १.५ अध्ययन प्रतिवेदनको ढाँचा

यो अध्ययन प्रतिवेदन "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६" ले तोकेको ढाँचा बमोजिम तयार गरिएको छ । यस अध्ययनलाई ७ वटा परिच्छेदमा प्रस्तुत गरिएको छ । परिच्छेद १ मा अध्ययनको परिचय, परिच्छेद २ मा कृषि, उद्योग र सेवा क्षेत्रको तुलनात्मक स्थिति, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र, परिच्छेद ६ मा पूर्वाधार तथा रोजगारी र परिच्छेद ७ मा आर्थिक परिदृष्यसँग सम्बन्धित तथ्याङ्क, सूचना र विश्लेषण प्रस्तुत गरिएको छ । यसका अतिरिक्त, गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल औपचारिक रुपमा सञ्चालनमा आईसकेपछिको पछिल्लो अवस्था, कृषि विकास बैंक लिमिटेडसँगको सहकार्यमा कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष **(IFAD)** को सहयोगमा लुम्बिनी प्रदेशमा कृषिको समावेशी रुपान्तरणको लागि मूल्य श्रृंखला **(VITA)** कार्यक्रमको बारेमा तथा चिनियाँ कम्पनी पावर कन्स्ट्रक्सन कर्पोरेशन अफ चाइना (पावर चाइना) र नेपाली जलविद्युत लगानी तथा विकास कम्पनी **(HIDCL)** को संयुक्त लगानीमा रोल्पा जिल्लास्थित माडी खोलामा १ सय ५६ मेगावाट जडित क्षमताको जलविद्युत आयोजनाको वारेमा उपलब्ध सुचनाहरुलाई वक्स तयार गरी देखाइएको छ ।

## परिच्छेद २

# कृषि, उद्योग र सेवा क्षेत्रको तुलनात्मक स्थिति

### २.१ लुम्बिनी प्रदेशको परिचय :


लुम्बिनी प्रदेशको क्षेत्रफल १७ हजार ८ सय १० वर्ग कि.मी. रहेको छ । सो नेपालको कुल क्षेत्रफलको १२.१ प्रतिशत हिस्सा हुन आउछ । ६ वटा पहाडी र ६ वटा तराईको जिल्लाहरु मिलेर बनेको लुम्बिनी प्रदेशमा रुपन्देही, कपिलवस्तु, बर्दिया, बाँके, दाङ्ग, रुकुम पूर्वी, रोल्पा, प्युठान, गुल्मी, अर्घाखाँची, पाल्पा, र नवलपरासी पश्चिम गरी १२ वटा जिल्लाहरु रहेका छन । यस प्रदेशमा ४ उपमहानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका गरी कुल १ सय ९ वटा स्थानीय तहहरु छन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त तथ्याङ्क अनुसार करीब ५४ प्रतिशत भूभाग तराई क्षेत्रमा पर्ने यस प्रदेशको पूर्वमा गण्डकी प्रदेश, उत्तरमा गण्डकी र कर्णाली प्रदेश, पश्चिममा सुदूरपश्चिम प्रदेशसँग सीमाना जोडिएको छ भने दक्षिणमा भारतसँग सीमाना जोडिएको छ । समथर जमीनदेखि सात हजार मिटरसम्म उचाई भएको हिमाल यो प्रदेशमा रहेका छन् भने यस प्रदेशको मुख्य वित्तीय तथा व्यापारिक केन्द्रहरुमा बुटबल, भैरहवा, नेपालगंज, दाङ्ग आदि रहेका छन् ।

### २.२ राष्ट्रिय अर्थतन्त्रमा लुम्बिनी प्रदेशको क्षेत्रगत हिस्सा :

केन्द्रीय तथ्याङ्क विभाग, २०७९ अनुसार आर्थिक वर्ष २०७८/७९ मा लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादन प्रचलित मूल्यमा रु.६ खर्ब ८५ अर्ब पुगेको छ । मुलुकको समग्र गार्हस्थ्य उत्पादनमा यस प्रदेशको १४.१ प्रतिशत योगदान रहेको छ भने आर्थिक वृद्धिदर ५.४ प्रतिशत रहने अनुमान छ । यसैगरी, यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको ३०.१ प्रतिशत, उद्योग क्षेत्रको १५.४ प्रतिशत र सेवा क्षेत्रको ५४.५ प्रतिशत योगदान रहेको छ । आर्थिक सर्वेक्षण, २०७८/७९ अनुसार मुलुकको समग्र उद्योग संख्या र लघु, घरेलु तथा साना उद्योगको संख्यामा लुम्बिनी प्रदेशको क्रमशः ७.६ प्रतिशत र १६.९ प्रतिशत हिस्सा रहेको छ । मुलुकको उद्योगमा लगानी रु.२५ खर्ब १२ अर्व रहेकोमा यस प्रदेशको हिस्सा ६.८ प्रतिशत रहेको छ । यसैगरी, मुलुकको कुल २०२३ मेगावाट जलविद्युत् उत्पादनमा लुम्बिनी प्रदेशको १.५ प्रतिशत हिस्सा रहेको छ । मुलुकको कुल बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्यामा यस प्रदेशको १९.३ प्रतिशत हिस्सा रहेको छ र प्रति शाखा जनसंख्या २३४४ कायम हुन आउँछ ।


### २.३ अन्तर प्रदेश तुलना :

#### २.३.१ कुल गार्हस्थ्य उत्पादन, आर्थिक वृद्धि र प्रदेशगत क्षेत्रगत योगदान :





- आर्थिक वर्ष २०७८/७९ मा प्रदेशगत आर्थिक अवस्था तुलना गर्दा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सवैभन्दा धेरै ३६.९ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सवैभन्दा कम ४.१ प्रतिशत रहेको छ भने लुम्बिनी प्रदेशको हिस्सा १४.१ प्रतिशत सहित तेस्रो स्थानमा रहेको छ । यसैगरी, प्रदेश १ को १५.७ प्रतिशत, मधेश प्रदेशको १३.३ प्रतिशत, गण्डकी प्रदेशको ८.९ प्रतिशत र सुदूरपश्चिम प्रदेशको ७ प्रतिशत हिस्सा रहेको छ *(चार्ट २.१, स्रोत: आर्थिक सर्वेक्षण, २०७८/७९)*।

- आर्थिक वर्ष २०७८/७९ मा प्रदेशगत रुपमा आर्थिक वृद्धिदर तुलना गर्दा सबैभन्दा धेरै बागमती प्रदेशको ६.७ प्रतिशत रहने अनुमान छ र सबैभन्दा कम मधेश प्रदेशको ४.८ प्रतिशत रहने अनुमान छ भने लुम्बिनी प्रदेशको आर्थिक वृद्धिदर ५.४ प्रतिशत रहने अनुमान छ *(चार्ट २.२,स्रोत: केन्द्रीय तथ्याङ्क विभाग )।*





- आर्थिक वर्ष २०७८/७९ मा मुलुकको समग्र कृषि क्षेत्रको उत्पादनमा प्रदेश नं. १ को हिस्सा सबैभन्दा धेरै २१.५ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.३ प्रतिशत रहेको छ भने लुम्बिनी प्रदेशको हिस्सा १७.३ प्रतिशत रहेको छ । उद्योग क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३०.८ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ३.२ प्रतिशत रहेको छ भने लुम्बिनी प्रदेशको हिस्सा १५.८ प्रतिशत रहेको छ । सेवा क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ४५.९ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ३.८ प्रतिशत रहेको छ भने लुम्बिनी प्रदेशको हिस्सा १२.५ प्रतिशत रहेको छ (चार्ट २.३)।




*स्रोत: केन्द्रीय तथ्याङ्क विभाग ।*

### २.३.२ उद्योग, लगानी र जलविद्युत् उत्पादन :

आर्थिक वर्ष २०७८/७९ को फागुन सम्ममा मुलुकको समग्र उद्योग दर्ता संख्यामा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै ६४.९ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ०.९ प्रतिशत रहेको छ भने लुम्बिनी प्रदेशको ७.६ प्रतिशत रहेको छ । यसैगरी, लघु, घरेलु तथा साना उद्योगको संख्यामा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै ३१.८ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.३ प्रतिशत रहेको छ भने लुम्बिनी प्रदेशको १६.९ प्रतिशत रहेको छ । मुलुकको समग्र उद्योगको लगानीमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै ३६.३ प्रतिशत र सुदूरपश्चिम प्रदेशको हिस्सा सबैभन्दा कम १.९ प्रतिशत रहेको छ भने लुम्बिनी प्रदेशको ६.८ प्रतिशत लगानी रहेको छ । यसैगरी, मुलुकको समग्र जलविद्युत् उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै ५०.२ प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम ०.५ प्रतिशत रहेको छ भने लुम्बिनी प्रदेशको १.५ प्रतिशत रहेको छ (चार्ट २.४)




*स्रोत: आर्थिक सर्वेक्षण, २०७८/७९*

- **बैंक तथा वित्तीय संस्थाको शाखा संख्या र प्रति शाखा जनसंख्या:**


आर्थिक वर्ष २०७८/७९ को फागुनसम्ममा मुलुकमा कुल बैंक तथा वित्तीय संस्थाको शाखा संख्यामध्ये बागमती प्रदेशमा सबैभन्दा धेरै २९२६ र कर्णाली प्रदेशमा सबैभन्दा कम ४५१ शाखा संख्या रहेको छ भने लुम्बिनी प्रदेशमा २१८६ संख्या रहेको छ । यसैगरी, मुलुकको प्रति शाखा जनसंख्यामध्ये कर्णाली प्रदेशमा सबैभन्दा धेरै ३७५८ र गण्डकी प्रदेशमा सबैभन्दा कम १७६५ प्रति शाखा जनसंख्या रहेको छ । लुम्बिनी प्रदेशमा २३४४ प्रति शाखा जनसंख्या रहेको देखिन्छ (तालिका २.१) ।

| तालिका २.१: आर्थिक वर्ष २०७८/७९ को आर्थिक परिसूचकहरु | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **आर्थिक परिसूचक/प्रदेश** | **प्रदेश १** | **मधेश** | **बागमती** | **गण्डकी** | **लुम्बिनी** | **कर्णाली** | **सु.प.** |
| कुल गार्हस्थ्य उत्पादन (रु.अर्बमा) | ७६३.२ | ६४४.३ | १७९०.७ | ४३१.८ | **६८४.९** | १९८ | ३३८.७ |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.७ | १३.३ | ३६.९ | ८.९ | **१४.१** | ४.१ | ७.० |
| आर्थिक वृद्धिदर (उत्पादकको मूल्यमा) प्रतिशत) | ५.४ | ४.८ | ६.७ | ६.२ | **५.४** | ५.५ | ४.९ |
| कृषि क्षेत्रमा प्रदेशको अंश ( प्रतिशत) | २१.५ | १८.७ | १७.९ | ९.७ | **१७.३** | ५.३ | ९.६ |
| उद्योग क्षेत्रमा प्रदेशको अंश ( प्रतिशत) | १९.९ | ११.५ | ३०.८ | ११.४ | **१५.८** | ३.२ | ७.३ |
| सेवा क्षेत्रमा प्रदेशको अंश ( प्रतिशत) | १२.५ | ११.५ | ४५.९ | ८.० | **१२.५** | ३.८ | ५.९ |
| उद्योगको दर्ता संख्या | ८०७ | ५७२ | ५६१४ | ७९८ | **६५६** | ७९ | १३० |
| उद्योगको दर्ता (प्रतिशत) | ९.३ | ६.६ | ६४.९ | ९.२ | **७.६** | ०.९ | १.५ |
| लघु, घरेलु तथा साना उद्योगको संख्या | ७६०५९ | ७८२०४ | १७६६८९ | ५९९८० | ९४१३८ | २९२४८ | ४१४५८ |
| लघु, घरेलु तथा साना उद्योग ( प्रतिशत) | १३.७ | १४.१ | ३१.८ | १०.८ | १६.९ | ५.३ | ७.५ |
| उद्योगमा लगानी (रु. अर्ब) | ५५५.६ | १४१.७ | ९१२.७ | ५४८.७ | १७१.१ | १३५.२ | ४७.२ |
| उद्योगमा लगानी (प्रतिशत) | २२.१ | ५.६ | ३६.३ | २१.८ | **६.८** | ५.४ | १.९ |
| जलविद्युत् उत्पादन(मेगावाट) | ३२७ | २१ | १०१६ | ५६५ | ३१ | ११ | ५२ |
| जलविद्युत् उत्पादन (प्रतिशत) | १६.२ | १.० | ५०.२ | २७.९ | **१.५** | ०.५ | २.६ |
| बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | १८२८ | १७२५ | २९२६ | १४०५ | २१८६ | ४५१ | ८२८ |
| बैंक तथा वित्तीय संस्थाको शाखा (प्रतिशत) | १६.१ | १५.२ | २५.८ | १२.४ | **१९.३** | ४.० | ७.३ |
| प्रति शाखा जनसंख्या | २७२० | ३५५१ | २०७९ | १७६५ | **२३४४** | ३७५८ | ३२७४ |
| *स्रोत: आर्थिक सर्वेक्षण, २०७८/७९ र केन्द्रीय तथ्याङ्क विभाग।* | | | | | | | |

## २.३.३ प्रदेशगत जनसंख्या वितरण :

- **जनसंख्या वितरण :**

चार्ट २.५: जनसंख्याको प्रदेशगत वितरण हिस्सा (प्रतिशत)





राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार २०७८ मा मुलुकको कुल जनसंख्या २ करोड ९१ लख ९२ हजार ४ सय ८० रहेको छ । जसमा लुम्बिनी प्रदेशको जनसंख्या कुल ५१ करोड २४ लाख २ सय २५ रहेको छ । प्रदेशगत रुपमा जनसंख्याको वितरण हेर्दा कुल जनसंख्यामा सबैभन्दा धेरै प्रदेश २ र बागमती प्रदेशको २१-२१ प्रतिशत हिस्सा रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ६ प्रतिशत रहेको छ। यसैगरी, लुम्बिनी प्रदेशको हिस्सा १८ प्रतिशत, प्रदेश १ को १७ प्रतिशत, सुदूरपश्चिम र

गण्डकी प्रदेशको क्रमशः ९-९ प्रतिशत हिस्सा रहेको छ (*चार्टः २.५, स्रोतः राष्ट्रिय जनगणना २०७८, प्रारम्भिक नतिजा* )।

- **जनसंख्या वृद्धिदर :**

गत १० वर्षको अवधिमा मुलुकमा १०.१८ प्रतिशतले जनसंख्या वृद्धि भएको देखिन्छ। प्रदेशगत रुपमा हेर्दा सबै भन्दा धेरै लुम्बिनी प्रदेशमा १.२५ प्रतिशत र सबै भन्दा कम गण्डकी प्रदेशमा ०.३० प्रतिशतले जनसंख्या वृद्धि भएको छ। यसै गरी प्रदेश २ मा १.२० प्रतिशत, बागमती प्रदेशमा ०.९२ प्रतिशत, प्रदेश १ मा ०.८८ प्रतिशत, कर्णाली प्रदेशमा ०.७३ प्रतिशत र सुदूरपश्चिममा ०.५८ प्रतिशतले जनसंख्या वृद्धि भएको छ (चार्ट २.६)।




*स्रोतः राष्ट्रिय जनगणना २०७८, प्रारम्भिक नतिजा।*

- **लैङ्गिक अनुपात र जनघनत्व :**

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार २०७८ मा देशको सात वटा प्रदेशहरुमध्ये सबै भन्दा धेरै प्रदेश २ को १००.९९ र सबै भन्दा कम सुदूरपशिचम प्रदेशको ९०.५० लैङ्गिक अनुपात रहेको छ भने लुम्बिनी प्रदेशमा यो अनुपात ९२.१५ रहेको छ। यसै गरी प्रदेशगत जनघनत्व विश्लेषण गर्दा सबै भन्दा धेरै प्रदेश २ मा ६३६ जना प्रति वर्ग कि.मी र सबै भन्दा कम कर्णाली प्रदेशमा ६१ जना प्रति वर्ग कि.मी. मा बसोबास गरेको देखिन्छ भने लुम्बिनी प्रदेशमा २३० जना प्रति वर्ग कि.मी. मा बसोबास गरेको देखिन्छ (तालिकाः २.२)।

**तालिका २.२: लैङ्गिक अनुपात र जनघनत्वको प्रदेशगत अवस्था**

| विवरण | लैङ्गिक अनुपात | जनघनत्व |
|---|---|---|
| **प्रदेश १** | ९५.२३ | **१९२** |
| **प्रदेश २** | १००.९९ | **६३६** |
| **बागमती** | ९९.४५ | **३००** |
| **गण्डकी** | ९०.८५ | **११६** |
| **लुम्बिनी** | ९२.१५ | **२३०** |
| **कर्णाली** | ९५.५८ | **६१** |
| **सु.प.** | ९०.५० | **१३६** |

***स्रोतः राष्ट्रिय जनगणना २०७८, प्रारम्भिक नतिजा।***

## २.४ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौतीहरु :

### प्रादेशिक क्षमता र सम्भावनाहरु

- यस प्रदेशमा खेती गरिएको क्षेत्रफल मध्ये सिँचित क्षेत्रफल ४४.१३ प्रतिशत रहेको, दुध, मासु, अण्डा र अण्डा लगायतका कृषिजन्य उत्पादन बढेको, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अर्न्तगत २७ वटा जोन र ५ वटा सुपरजोनमा उन्नत बीउबिजन, प्राविधिक सहयोग र सहुलियत ब्याजदरमा कृषि ऋण

उपलब्ध गराउने राष्ट्रिय नीति रहेको एवं निर्माण सम्पन्न हुने क्रममा रहेका १० थान वटा शीत भण्डारण ले कृषि उत्पादन तथा कृषि पेशामा आकर्षण बढने सम्भावना रहेको ।

- लुम्बिनी प्रदेशमा युवा जनशक्तिको बाहुल्यता, बढ्दो शहरीकरण, छिमेकी प्रदेशहरु भन्दा उद्योगधन्धा खोल्न सहजरुपमा जग्गाको उपलब्धता एवं सेजको निमार्ण, औद्योगिक उत्पादनहरु छिमेकी प्रदेशहरुमा निकासी गर्न सकिने अवस्था, भारतसंग जोडिएको लामो सिमाना सहितको सामिप्यता र त्यहांको बजारको ठुलो आकारका कारण आयात निर्यात गर्न सहज स्थिति, खनिज लगायतका कच्चा पदार्थको सहज उपलब्धता र उर्जाको आपूर्ति बढ्दै गरेको आदी कारणले गर्दा उद्योगधन्धा खोल्न र सञ्चालन गर्न सहज वातावरण रहेको कारण कृषि, पर्यटन, उद्योग तथा सेवा क्षेत्र एवम् रोजगारीसमेतमा उल्लेख्य विस्तार भई आर्थिक गतिविधि बढ्ने सम्भावना रहेको छ । *(स्रोतः लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना आ.ब.२०७६/७७ - आ.ब.२०८०/८१, पृष्ठ ८३)*

- लुम्बिनी प्रदेशमा १८ किसिमका धातु खनिज, १९ किसिमका अधातु खनिज, ७ किसिमका रत्न पत्थर, ३ किसिमका इन्धन खनिज र निर्माणमा प्रयोग हुने ढुंगागिट्टी, बालुवा र माटो पाईएका छन् । भौगर्भिक संरचनाको हिसाबले यस प्रदेशको तराईमा ढुंगागिट्टी तथा बालुवा, चुरे क्षेत्रमा कोईला र स्याण्डस्टोन, महाभारत क्षेत्रमा चुनढुङ्गा, फलाम, कोईला, डोलोमाईट, घर छाउने स्लेट, श्रृगारिक ढुंगा तथा उच्च पहाडी क्षेत्रमा कायनाइट, गार्नेट जस्ता रत्नपत्थरहरु पाइएका कारण खानी तथा खनिज पदार्थसंग सम्बन्धित उद्योगहरुको प्रचूर सम्भावना रहेको छ । *(स्रोतः लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना आ.ब.२०७६/७७ -आ.ब.२०८०/८१, पृष्ठ ८५)*

- भैरहवामा निर्माण सम्पन्न भैसकेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको सफल परिक्षण उडान भैसकेको र छिटै व्यवसायिक उडानका लागि सञ्चालनमा आउने भएको, बिभिन्न प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा धार्मिक पर्यटक स्थलहरु रहेको साथै यस प्रदेशका बिभिन्न जिल्लाहरुमा स्थलगत भ्रमणको क्रममा अधिकांश पर्यटक स्तरीय होटलको निर्माण भैसकेका र केही निर्माणाधिन अवस्था रहेका कारण लुम्बिनी आएका आन्तरिक तथा बाह्य पर्यटकको बसाई अवधि लम्ब्याउने वातावरण सिर्जना गर्न सकेमा पर्यटन व्यवसायको प्रचूर सम्भावना रहेको छ ।

- भैरहवा–पोखरा, नेपालगञ्ज - पोखरा जस्तै गरी अन्य प्रदेशहरुमा सिधा हवाई उडानका लागि पहल र समन्यवय गरी अन्य प्रदेश, स्थानीय तह र निकायहरुसँग सहकार्य गर्न सके लुम्बिनी प्रदेशमा पर्यटन विकासको थप सम्भावना रहेको छ ।

- नेपालको लागि तुलनात्मक लाभको बस्तुहरुमध्ये सिमेण्ट उत्पादन प्रमुख रहेको र नेपाल सरकारले सिमेन्ट उत्पादकलाई आयकरमा सहुलियत, पुनरकर्जा सुविधा, पहुँच मार्ग र विद्युत् आपूर्तिमा सहयोग समेत गरेको छ । नेपालमा सञ्चालनमा रहेका ६० सिमेण्ट उद्योगहरुमध्ये लुम्बिनी प्रदेशमामात्र ४५ वटा रहेका छन् । अतः लुम्बिनी प्रदेश सिमेण्ट उत्पादनमा आत्मनिर्भर भई निर्यात समेत गर्ने वातावरण रहेको छ । *(स्रोतः लुम्बिनी प्रदेशका सिमेन्ट उद्योग र खानीहरुको अवस्था तथा अर्थतन्त्रमा योगदान सम्बन्धी अध्ययन कार्यशर्त, २०७७ फागुन)*

- आ.ब.२०७८/७९को वजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन अनुसार लुम्बिनी प्रदेश अन्तर्गत नेपालगञ्ज एकीकृत जाँच चौकीको १८ प्रतिशत कार्य सम्पन्न भएको छ । यस एकिकृत जाँच चौकिको निर्माण पुर्ण भएपश्चात यस प्रदेशका औद्योगिक उत्पादनले भारतीय बजार पाउने सम्भावना रहेको ।

- यस आ.व. मा रुपन्देही जिल्लाको भैरहवामा ३५० कि.लि.पेट्रोलियम पदार्थ भण्डारण क्षमता वृद्धि गरिएको छ जसका कारण यस प्रदेशमा संचालनमा रहेको उद्योगहरुको लागि वैकल्पिक उर्जा प्राप्तिका लागि सहज हुनुका साथै कृषि तथा वाणिज्य क्षेत्रमा समेत यातायातको सहजता हुन गई आर्थिक कृयाकलापमा वृद्धि हुने अनुमान गरिएको छ ।

- आ.ब. २०७८/७९ को वजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन अनुसार सिद्धबाबा सुरुङ मार्गलाई Engineering, Procurement and Construction (EPC) मोडेलमा निर्माण गर्न ठेक्का आव्हान भई मूल्याङ्कन कार्य अन्तिम चरणमा रहेको । सुरुङ मार्गको निर्माण कार्य सम्पन्न भए पश्चात सिद्धार्थ राजमार्गमा पहिरो गई नियमित यातायात अवरुद्धमा सुधार आई पाल्पा लगायतका अन्य जिल्लाहरुमा कृषि, उद्योग तथा पर्यटन लगायतका आर्थिक गतिविधि बढ्ने सम्भावना रहेको छ ।

- भैरहवा विशेष आर्थिक क्षेत्रमा हाल ५ वटा उद्योगहरुले उत्पादन कार्य गरिरहेका छन् भने ८ वटा उद्योगहरु निर्माणको क्रममा रहेका छन् । यी उद्योगहरुको निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आए पश्चात यस क्षेत्रको निर्यात व्यापार बढ्नुको साथै थप उद्योगहरु आकर्षित हुने र आसपासका क्षेत्रमा रोजगारीको अवसर समेत सृजना हुने सम्भावना रहेको छ ।
- रोल्पा जिल्लाको समृद्धि बोकेको माडी जलाशययुक्त जलविद्युत् आयोजना सम्पन्न भई सञ्चालनमा आए पश्चात यस क्षेत्रको वृहत्तर विकासमा महत्वपूर्ण योगदान पुग्ने देखिन्छ ।

**चुनौतीहरु**

- सहुलियत कृषि कर्जा कर्जा प्रकृया झनझटिलो रहेको साथै गरिब र आवश्यक्ता परेको भूमिहीन किसान भन्दा धितो राख्न सक्ने धनी व्यक्तिले पाउने गरेको कारण प्रभावकारी अनुगमन गर्ने कार्य चुनौती रहेको ।

- उत्पादनमूलक उद्योगहरुमा लगानी उल्लेख्य रुपमा बढाउनु, गुणस्तरीय बस्तुको उत्पादन र प्रतिस्पर्धी क्षमतामा वृद्धि गर्नु, उद्यमशीलता र कर्पोरेट संस्कृतिबो विकास गर्नु, सहुलियत व्याजदरमा कर्जा उपलब्ध गराउनु, युवाहरुलाई उद्योग तर्फ आकर्षित गर्नु र ओद्योगिकीकरणलाई वातावरणसंग तालमेल मिलाउनु आदी यस प्रदेशको चुनौती रहेको छ *(स्रोतः लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना आ.ब.२०७६/७७ - आ.ब.२०८०/८१, पृष्ठ ८२)* ।

- नयाँ राजनैतिक संरचनाले गर्दा खानिको संरक्षण, अन्वेषण र उत्खनन तीन तहमा विभाजित रहेकाले आवश्यक समन्वय गर्नु, वातावरणमैत्री ढंगले खानी तथा खनिज पदार्थ उत्खनन गर्नु, यस क्षेत्रमा निजि लगानी आकर्षित गर्नु र खानी अन्वेषणको लागि दक्ष जनशक्तिको व्यवस्था गर्नु चुनौती रहेको छ *(स्रोतः लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना आ.ब.२०७६/७७ -आ.ब.२०८०/८१, पृष्ठ ८५)* ।

- लुम्बिनी तथा आसपासको पर्यटकीय क्षेत्रहरुमा रिक्रिएसनको साधन पर्याप्त नरहेको कारण विभिन्न रुट तथा माध्यम हुदै लुम्बिनी आएका आन्तरिक तथा बाह्य पर्यटकको बसाई अवधि लम्ब्याउनु चुनौती रहेको छ ।

- लुम्बिनी प्रदेशमा थप पर्यटन विकासको लागि अन्य प्रदेश, स्थानीय तह र निकायहरुसँग सहकार्य गर्ने कार्य र पर्यटनलाई आनतरिक उत्पादन तथा रोजगारीसँग जोड्ने कार्य चुनौती रहेको छ ।

- नेपालको समग्र सञ्चलित सिमेण्ट उद्योगहरुमध्ये ७५ प्रतिशत लुम्बिनी प्रदेशमा रहेतापनि नेपालमा छिमेकी मुलुक भारतको तुलनामा सिमेन्टको मूल्य २ देखि ३ गुणासम्म बढी भएको कारण प्रतिस्पधी मूल्य निर्धारण गरी निर्यात गर्ने कार्य चुनौती रहेको छ । *(स्रोतः लुम्बिनी प्रदेशका सिमेन्ट उद्योग र खानीहरुको अवस्था तथा अर्थतन्त्रमा योगदान सम्बन्धी अध्ययन कार्यशर्त, २०७७ फागुन)* ।

- नेपालगञ्ज एकीकृत जाँच चौकीको १८ प्रतिशत कार्य सम्पन्न भएको र सिद्धबाबा सुरुङ मार्गलाई Engineering, Procurement and Construction (EPC) मोडेलमा निर्माण गर्न ठेक्का आव्हान भई मूल्याङ्कन कार्य अन्तिम चरणमा रहेको भएतापनि तोकेको समयावधिमा निर्माण सम्पन्न गर्ने कार्य चुनौती रहेको छ ।

- माडी जलाशययुक्त जलविद्युत् आयोजनाको ड्यामको उचाई करिव १७० मिटर अग्लो हुने र भौगर्भिक अवस्थाको कारण निर्माण कार्य चुनौतीपूर्ण रहेको छ ।

## परिच्छेद ३


# कृषि क्षेत्र

### ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

#### ३.१.१ खाद्य तथा अन्य बाली :

समीक्षा अवधिमा लुम्बिनी प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल २.६४ प्रतिशतले वृद्धि भई ७ लाख ९६ हजार ८ सय ५९ हेक्टर कायम भएको छ भने गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ०.०६ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा गत वर्षको तुलनामा गुल्मी र नवलपरासी पश्चिम जिल्लाहरुमा कोदो बालीले ढाकेको क्षेत्रफल र रुकूमपूर्व, रोल्पा, प्यूठान र दाङ जिल्लाहरुमा फापर बालीले ढाकेको क्षेत्रफलमा वृद्धि भएका कारण समग्र कोदो बालीले ढाकेको क्षेत्रफल २१०.६६ प्रतिशत र फापर बालीले ढाकेको क्षेत्रफल १६७.४५ प्रतिशतले वृद्धि भएको देखिन्छ भने मकै ७.७८ प्रतिशत, गहुँ १३.७५ प्रतिशत, आलु ०.६८ प्रतिशत र भटमास बालीले ढाकेको क्षेत्रफल १.२६ प्रतिशतले बढेको देखिन्छ । त्यसैगरी खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमध्ये धान बालीले ढाकेको क्षेत्रफल ६.५० प्रतिशत, जौ २०.३६ प्रतिशत, उखु १७.५१ प्रतिशत, दलहन १०.८७ प्रतिशत र तेलहन बाली १.९७ प्रतिशतले घटेको देखिन्छ । रुपन्देहीका उखु किसानहरु क्रमशः तरकारी तथा माछापालन र अन्य खेती तर्फ अकर्षित भएको कारण उखु बालीले ढाकेको क्षेत्रफल नगन्य रहेको छ (चार्ट ३.१, *स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु* )।

**चार्ट ३.१: खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्रको अवस्था (प्रतिशत परिवर्तन)**




अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरुबाट प्राप्त तथ्याङ्क अनुसार समीक्षा अवधिमा यस प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी हिस्सा दाङको १५.१४ प्रतिशत र सबैभन्दा कम हिस्सा रुकुमपूर्वको २.२३ प्रतिशत रहेको छ । त्यसैगरी कपिलवस्तुको १४.१० प्रतिशत, रुपन्देहीको १३.८१ प्रतिशत, बर्दियाको १३.६९ प्रतिशत, बाँकेको ९.६६ प्रतिशत, गुल्मीको ७.९६ प्रतिशत, नवलपरासीको ५.७४ प्रतिशत, पाल्पाको ५.२९ प्रतिशत, अर्घाखाँचीको ४.४६ प्रतिशत, प्यूठानको ४.१८ प्रतिशत र रोल्पाको ३.७५ प्रतिशत हिस्सा रहेको छ (तालिका ३.१)।

**तालिका ३.१: खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्रको हिस्सा (प्रतिशत)**


| जिल्ला | हिस्सा | जिल्ला | हिस्सा |
|---|---|---|---|
| रुकुम(पूर्व) | २.२३ | नवलपरासी | ५.७४ |
| रोल्पा | ३.७५ | रुपन्देही | १३.८१ |
| प्यूठान | ४.१८ | कपिलवस्तु | १४.१० |
| गुल्मी | ७.९६ | दाङ | १५.१४ |
| अर्घाखाँची | ४.४६ | बाँके | ९.६६ |
| पाल्पा | ५.२९ | बर्दिया | १३.६९ |

*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु ।*

#### ३.१.२ तरकारी:

समीक्षा अवधिमा तरकारी बालीले ढाकेको क्षेत्रफल गत वर्षको सोही अवधिको तुलनामा ३.८८ प्रतिशतले ह्रास भई ४६ हजार २ सय ७७ हेक्टर पुगेको छ । आर्थिक वर्ष २०७८/७९ को पुष मसान्त सम्म प्राप्त तथ्याङ्क अनुसार यस प्रदेशमा तरकारी बालीले ढाकेको भू-क्षेत्रफलमा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा धेरै ४०.१९ प्रतिशत रहेको छ

भने रुकुमपूर्व जिल्लाको हिस्सा सबैभन्दा कम ०.९७ प्रतिशत रहेको छ (चार्ट ३.२) । यस प्रदेशको समग्र तरकारी बालीले ढाकेको भू-क्षेत्रमा दाङको १३.१३, बर्दियाको १२.९७ प्रतिशत, बाँकेको १२.५३ प्रतिशत र बाँकी अन्य जिल्ललाहरुको २०.२० प्रतिशत हिस्सा रहेको छ ।





*स्रोतः अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

### ३.१.३ फलफूल तथा मसला :

| तालिका ३.२ : जिल्लागत फलफूल तथा मसलाले ढाकेको भू-क्षेत्रको अवस्था हिस्सा (प्रतिशतमा) | | | |
|---|---|---|---|
| **जिल्ला** | **हिस्सा** | **जिल्ला** | **हिस्सा** |
| रुकुम(पूर्व) | ५.९९ | नवलपरासी | १९.४० |
| रोल्पा | ७.१८ | रुपन्देही | ८.३१ |
| प्युठान | ६.०५ | कपिलवस्तु | ३.९८ |
| गल्मी | १२.३२ | दाङ | ८.५२ |
| अर्घाखाँची | ८.१४ | बाँके | ०.५९ |
| पाल्पा | १४.०५ | बर्दिया | ५.४६ |
| *स्रोतः अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु* | | | |

समीक्षा अवधिमा लुम्बिनी प्रदेशको फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल गत अवधिको तुलनामा १२.०१ प्रतिशतले वृद्धि भई १८ हजार ७ सय १०.९० हेक्टर कायम भएको छ । अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरुबाट प्राप्त तथ्याङ्क अनुसार यस प्रदेशमा फलफूल तथा मसलाले ढाकेको क्षेत्रफलमा सबैभन्दा बढी हिस्सा नवलपरासीको १९.४० प्रतिशत र सबैभन्दा कम हिस्सा बाँकेको ०.५९ प्रतिशत रहेको छ (तालिका ३.२) । त्यसैगरी पाल्पाको १४.०५ प्रतिशत, गुल्मीको १२.३२ प्रतिशत, रुपन्देहीको ८.५२ प्रतिशत, अर्घाखाँचीको ८.१४ प्रतिशत, रोल्पाको ७.१८ प्रतिशत, प्यूठानको ६.०५ प्रतिशत, रुकुम पूर्वको ५.९९ प्रतिशत, बर्दियाको ५.४६ प्रतिशत र कपिलबस्तुको ३.९८ प्रतिशत हिस्सा रहेको छ ।


पकेट क्षेत्रबाट ब्लक क्षेत्रमा र हाल ब्लक क्षेत्रबाट जोन क्षेत्र कायम भएको कारण नवलपरासी जिल्लामा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफलमध्ये केराले ढाकेको क्षेत्रफल १३०.९८ प्रतिशतले वृद्धि भएको छ । यसैगरी, समीक्षा अवधिमा सुन्तलाले ढाकेको क्षेत्रफल १.३४ प्रतिशत र स्याउले ढाकेको क्षेत्रफल १.४२ प्रतिशतले वृद्धि भएको छ भने आँपले ढाकेको क्षेत्रफल ११.८९ प्रतिशत, अन्य फलफूलले ढाकेको क्षेत्रफल ४.४८ प्रतिशत मसलाले ढाकेको क्षेत्रफल १३.०९ प्रतिशत र कफीले ढाकेको क्षेत्रफल २.२४ प्रतिशतले घटेको छ । ( *चार्ट ३.३, स्रोतः अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु )* ।



### ३.२ कृषि उत्पादन

### ३.२.१ खाद्य तथा अन्य बाली:

समीक्षा अवधिमा यस प्रदेशमा खाद्य तथा अन्य बालीको उत्पादन गत वर्षको तुलनामा ०.०३ प्रतिशतले घटेर २५ लाख ५० हजार ८ सय ४७ मे.टन भएको छ भने गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ३.०८ प्रतिशतले घटेको थियो ।




*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

समीक्षा अवधिमा यस प्रदेशमा गत अवधिको तुलनामा मकै उत्पादन ४२.८३ प्रतिशत, कोदो २.८० प्रतिशत, फापर ३५८.३० प्रतिशत, आलु ०.१४ प्रतिशत र भटमास उत्पादन १.६७ प्रतिशतले बढेको छ भने धान उत्पादन २४.५४ प्रतिशत, उखु १६.९९ प्रतिशत, दलहन ३२.२८ प्रतिशत र तेलहन उत्पादन ३४.४३ प्रतिशतले घटेको छ (चार्ट ३.४) । यसैगरी, गत अवधिको तुलनामा समीक्षा अवधिमा फापर बालीले ढाकेको क्षेत्रफलमा अत्याधित वृद्धि भएको कारण समग्र फापर उत्पादनमा उल्लेख्य वृद्धि देखिएको हो । अर्घाखाँची, कपिलबस्तु र बर्दिया जिल्लाहरुमा दलहन र कपिलबस्तु तथा बर्दिया जिल्लाहरुबाट तेलहनसंग सम्बन्धित तथ्याङ्क पूर्णरुपमा संकलन नभैसकेको कारण समग्र दलहन र तेलहन उत्पादनमा ह्रास देखिएको हो । त्यसैगरी, उखु बालीले ढाकेको क्षेत्रफल घटेको कारण समग्र उखु उत्पादन समेत घटेको छ ।

अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरुबाट प्राप्त तथ्याङ्क अनुसार यस प्रदेशमा खाद्य तथा अन्य बालीको उत्पादनमा सबैभन्दा बढी योगदान रुपन्देहीको १७.५४ प्रतिशत र सबैभन्दा कम रुकुमपूर्व जिल्लाको ३.६६ प्रतिशत रहेको छ (तालिका ३.३) । त्यसैगरी कपिलबस्तुको १४.२४ प्रतिशत, दाङको १३.५३ प्रतिशत, नवलपरासीको ११.३६ प्रतिशत, बर्दियाको ९.८१ प्रतिशत, बाँकेको ८.६१ प्रतिशत, गुल्मीको ५.०१ प्रतिशत, पाल्पाको ४.५२ प्रतिशत, अर्घाखाँचीको ४.१३ प्रतिशत, प्यूठानको ३.९० प्रतिशत र रोल्पाको ३.७१ प्रतिशत योगदान रहेको छ ।

**तालिका ३.३: खाद्य तथा अन्य बालीको उत्पादन**

| जिल्ला | हिस्सा(प्रतिशत) | जिल्ला | हिस्सा(प्रतिशत) |
|---|---|---|---|
| रुकम(पर्व) | ३.६६ | नवलपरासी | ११.३६ |
| रोल्पा | ३.७१ | रुपन्देही | १७.५४ |
| प्यठान | ३.९० | कपिलवस्त | १४.२४ |
| गल्मी | ५.०१ | दाङ | १३.५३ |
| अर्घाखाँची | ४.१३ | बाँके | ८.६१ |
| पाल्पा | ४.५२ | बर्दिया | ९.८१ |

*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

### ३.२.२ तरकारी :

| तालिका ३.४: जिल्लागत तरकारी उत्पादनको अवस्था | | | |
|---|---|---|---|
| जिल्ला | हिस्सा(प्रतिशतमा) | जिल्ला | हिस्सा(प्रतिशतमा) |
| रुकुम(पूर्व) | १.७१ | नवलपरासी | ३.२४ |
| रोल्पा | ५.९९ | रुपन्देही | २९.८८ |
| प्यूठान | ४.३७ | कपिलवस्तु | ११.२६ |
| गुल्मी | २.९७ | दाङ | २३.४५ |
| अर्घाखाँची | ३.४७ | बाँके | ३.८१ |
| पाल्पा | ५.४६ | बर्दिया | ४.४० |
| *स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु* | | | |


त्यसैगरी समीक्षा अवधिमा यस प्रदेशको अर्घाखाँची, कपिलबस्तु र बर्दिया जिल्लाहरुमा तरकारी बालीले ढाकेको क्षेत्रफल घटेको कारण समग्र तरकारी उत्पादन गत अवधिको तुलनामा २०.२८ प्रतिशतले ह्रास भई ३ लाख ४१ हजार १ सय ५१ मे.टन भएको छ भने गत वर्षको सोही अवधिमा यस्तो उत्पादन १.३२ प्रतिशतले बढेको थियो । यस प्रदेशमा तरकारी उत्पादनमा जिल्लागत हिस्सा हेर्दा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा धेरै २९.८८ प्रतिशत छ भने रुकुमपूर्व जिल्लाको हिस्सा सबै भन्दा कम १.७१ प्रतिशत मात्र रहेको छ (तालिका ३.४) । यसैगरी कुल तरकारी उत्पादनमा दाङको २३.४५ प्रतिशत, कपिलबस्तुको ११.२६ प्रतिशत, रोल्पाको ५.९९ प्रतिशत, पाल्पाको ५.४६ प्रतिशत, बर्दियाको ४.४० प्रतिशत, प्यूठानको ४.३७ प्रतिशत, बाँकेको ३.८१ प्रतिशत,अर्घाखाँचीको ३.४७ प्रतिशत, नवलपरासीको ३.२४ प्रतिशत र गुल्मीको २.९७ प्रतिशत हिस्सा रहेको छ ।

### ३.२.३ फलफूल तथा मसला :

| तालिका ३.५: जिल्लागत फलफूल तथा मसलाको उत्पादनको अवस्था | | | |
|---|---|---|---|
| जिल्ला | हिस्सा(प्रतिशतमा) | जिल्ला | हिस्सा(प्रतिशतमा) |
| रुकुम(पूर्व) | ३.६४ | नवलपरासी | ३२.१० |
| रोल्पा | ४.८१ | रुपन्देही | ५.६३ |
| प्यूठान | ८.३१ | कपिलवस्तु | १.१४ |
| गुल्मी | ८.५० | दाङ | ५.०६ |
| अर्घाखाँची | ६.४६ | बाँके | ०.५८ |
| पाल्पा | १५.०१ | बर्दिया | ८.७६ |
| *स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु* | | | |

यस प्रदेशको समग्र फलफूल तथा मसलाले ढाकेको भूक्षेत्र बढेको कारण समीक्षा वर्षमा फलफूल तथा मसलाको उत्पादन गत वर्षको सोही अवधिको तुलनामा २६.०९ प्रतिशतले वृद्धि भई १ लाख ३९ हजार ४९.१४ मे.टन भएको छ । गत वर्ष यस्तो उत्पादन ०.३९ प्रतिशतले बढेको थियो । यस प्रदेशमा फलफूल तथा मसलाको उत्पादनमा जिल्लागत हिस्सा तुलना गर्दा नवलपरासी जिल्लाको योगदान सबैभन्दा धेरै ३२.१० प्रतिशत छ भने बाँके जिल्लाको योगदान सबैभन्दा कम ०.५८ प्रतिशत मात्र रहेको छ । यसैगरी फलफूल तथा मसलाको उत्पादनमा पाल्पाको १५.०१ प्रतिशत, बर्दियाको ८.७६ प्रतिशत, रुपन्देहीको ८.४६ प्रतिशत, बाँकेको ८.२० प्रतिशत, गुल्मीको ८.५० प्रतिशत, प्यूठानको ८.३१ प्रतिशत, अर्घाखाँचीको ६.४६ प्रतिशत, रुपन्देहीको ५.६३ प्रतिशत, दाङको ५.०६ प्रतिशत र रोल्पाको ४.८१ प्रतिशत, रुकुम(पूर्व)को ३.६४ प्रतिशत र कपिलबस्तुको १.१४ प्रतिशत योगदान रहेको छ (तालिका ३.५) ।

नवलपरासी पश्चिम जिल्लामा केरा जोन क्षेत्रको रुपमा विकास गरी कृषकले प्राविधिक सहयोग, विउ विजन, मलखाद र कर्जा समेतमा सहुलियत पाएकोले केराले ढाकेको भूक्षेत्र विस्तार भएको कारण केरा उत्पादन १८०.६१ प्रतिशतले वृद्धि भएको छ । गत अवधिको तुलनामा समीक्षा अवधिमा यस प्रदेशमा आँप उत्पादन ०.४० प्रतिशत र स्याउ उत्पादन १.२९ प्रतिशतले वृद्धि भएको छ भने सुन्तला उत्पादन २.६७ प्रतिशतले घटेको छ । दाङ जिल्लामा अन्य फलफूलको भूक्षेत्र घटेको कारण अन्य फलफूल उत्पादन १८.४१ प्रतिशतले ह्रास भएको छ । अर्घाखाँची, कपिलबस्तु र बर्दिया जिल्लाहरुमा मसलाको भूक्षेत्र घटेको कारण मसला उत्पादन १७.२२ प्रतिशतले ह्रास भएको छ भने कफी उत्पादन ०.७४ प्रतिशतले ह्रास भएको छ । (चार्ट ३.५) ।



चार्ट ३.५: फलफूल तथा मसला उत्पादन अवस्था (प्रतिशत परिवर्तन)


*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

### ३.२.४ मह उत्पादन:

समीक्षा अवधिमा यस प्रदेशमा महको उत्पादन गत अवधिको तुलनामा ७०.११ प्रतिशतले ह्रास भई २ हजार ३ सय ६१.२० मे.टन भएको छ भने गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ९.८६ प्रतिशतले घटेको थियो । रुकुम पूर्व जिल्लामा मह उत्पादनमा भारी गिरावट आएको कारण समग्र मह उत्पादन घटेको हो ।

## ३.३ पशुपन्क्षी, माछा तथा वनजन्य उत्पादन

### ३.३.१ पशुपन्क्षी उत्पादन :



चार्ट ३.६ :पशुपन्क्षी उत्पादन अवस्था (प्रतिशत परिवर्तन)


अध्ययनमा समेटिएका जिल्ला भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्दहरुबाट प्राप्त तथ्याङ्क अनुसार समीक्षा अवधिमा दूध उत्पादन १२.६७ प्रतिशत, मासु उत्पादन १५.१९ प्रतिशत, अण्डा उत्पादन २५.२५ प्रतिशत, छाला उत्पादन २.१४ प्रतिशत र हाड उत्पादन ६.४५ प्रतिशतलेले बढेको छ भने ऊन उत्पादन ०.२७ प्रतिशत घटेको छ *(चार्ट ३.६, स्रोत: अध्ययनमा समेटिएका भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रहरु)*। यस प्रदेशका जिल्लाहरुमा कोरोना महामारी न्यूनीकरणको प्रयास, कृषि तथा पशुपंक्षी विमा कार्यक्रम, सुलभ कर्जा तथा पशुपालन व्यवसायमा अनुदान र विशेषगरी बाँके जिल्लामा पशुपंक्षी सम्बन्धी थप ३२ वटा परियोजा सञ्चालनमा आएको कारण समग्र दुध, मासु र अण्डाको उत्पादन उल्लेख्य वृद्धि देखिएको हो । चाइनाबाट आयात हुदै आएको दानामा प्रयोग गरिने डि.सि.पि.को मूल्य आकासिंदै गएको कारण कपिलवस्तु जिल्लामा हाडबाट उत्पादन हुने बोन मिलको माग बढेकोले समग्र हाड उत्पादन बढेको देखिन्छ ।

### ३.३.२ माछा उत्पादन :

समीक्षा अवधिमा यस प्रदेशमा माछा उत्पादन १८.८६ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा माछा उत्पादन ८.४४ प्रतिशतले बढेको थियो । मत्स्य पालनको भुक्षेत्रमा वृद्धि र २५०० भुरा प्रति कट्ठा राख्न मिल्ने पंगास जातको माछा समेतको व्यवसायिक उत्पादन सुरु भएको कारण बाँके जिल्लामा माछाको उत्पादन उल्लेख्य वृद्धि भएको देखिन्छ ।

### ३.३.३ वनजन्य उत्पादन :


अध्ययनमा समेटिएका डिभिजन वन कार्यालयहरुहरुबाट प्राप्त तथ्याङ्क अनुसार समीक्षा अवधिमा वनजन्य उत्पादनतर्फ काठ उत्पादन २०.५२ प्रतिशत, दाउरा उत्पादन २६.९५ प्रतिशत र औषधीजन्य वस्तु उत्पादन २६.८५ प्रतिशतले घटेको छ भने अन्य उत्पादन २५.५० प्रतिशतले वृद्धि भएको छ (चार्ट ३.७, *स्रोतः अध्ययनमा समेटिएका डिभिजन वन कार्यालयहरु )* ।




। नेपाल सरकारको नीतिगत निर्णयबाट रोक्का भएका काठ, दाउरा संकलन तथा विक्रीवितरण फुकुवा गरिएको कारण नवलपरासी जिल्लामा काठ उत्पादन १४६.०७ प्रतिशत, अर्घाखाँची जिल्लामा काठ उत्पादन ९६.९१ प्रतिशत, दाउरा उत्पादन १२७२.७३ प्रतिशत ओषधीजन्य उत्पादन ६५८ प्रतिशत र खोटो जस्ता अन्य उत्पादन १३०.८१ प्रतिशत, सामुदायिक वनबाट समुह बाहिर समेत काठ दाउरा बिक्री वितरण कार्य थालनी भएको कारण गुल्मी जिल्लामा काठ उतपादन ११.२२ प्रतिशत, दाउरा उत्पादन ५०.९३ प्रतिशत र ओषधीजन्य उत्पादन १७२ प्रतिशतले वृद्धि भएको छ । तर, बैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ खारेज भै सामुदायिक वनमा कटान कार्य नभएको कारण समग्रमा काठ, दाउरा र ओषधीजन्य उत्पादनमा उल्लेख्य ह्रास देखिएको छ ।

## ३.४ सिँचाइ तथा मौसम :

समीक्षा अवधिमा खेती गरिएको क्षेत्रफलमा सिँचित क्षेत्रफल गत वर्षको सोही अवधिको तुलनामा १.२१ प्रतिशतले वृद्धि भई १ लाख ९७ हजार ३ सय ४३.५० हेक्टर पुगेको छ भने खेती गरिएको क्षेत्रफल मध्ये सिँचित क्षेत्रफल ४४.१३ प्रतिशत रहेको छ । प्राप्त तथ्याङ्क अनुसार यस प्रदेशमा कुल सिँचित क्षेत्रफलमा नहरद्वारा २.२० प्रतिशत, पोखरीद्वारा ०.९७ प्रतिशत, बोरिङ्गद्वारा १.०५ प्रतिशत र अन्य स्रोतद्वारा ०.०५ प्रतिशतले वृद्धि भएको छ भने कुलोद्वारा सिँचित क्षेत्रफल ०.७० प्रतिशतले ह्रास भएको छ (चार्ट ३.८, *स्रोतः अध्ययनमा समेटिएका जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयहरु)* ।



### ३.५ क्षेत्रगत कृषि कर्जा

बैंक तथा वित्तीय संस्थाहरुवाट प्राप्त तथ्याङ्क अनुसार समीक्षा अवधिमा यस प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कृषि कर्जा गत अवधिको तुलनामा २६.१५ प्रतिशतले वृद्धि भई रु.४७ अर्ब ४६ करोड २ लाख पुगेको छ । गत वर्ष यस्तो कर्जा २५.५९ प्रतिशतले वृद्धि भएको थियो । यस क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरुले कुल कर्जाको ८.८३ प्रतिशत कृषि क्षेत्रमा प्रवाह गरेका छन् ।


**तालिका ३.६: जिल्लागत कृषि कर्जाको अवस्था**

| जिल्ला | रु.करोडमा | हिस्सा (प्रतिशतमा) | जिल्ला | रु.करोडमा | हिस्सा (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| रुकम पुर्व | ३६.५९ | ०.०८ | नवलपरासी | ४१७०.६१ | ८.७९ |
| रोल्पा | ५००.६३ | १.०५ | **रुपन्देही** | १७९९३.६ | ३७.९१ |
| प्युठान | ८५५.१५ | १.८० | कपिलबस्तु | ४६२२.९७ | ९.७४ |
| गुल्मी | ६१७.८८ | १.३० | दाङ्ग | ७६९८.३० | १६.२२ |
| अर्घाखाँची | ३६४.४२ | ०.७७ | बाँके | ६३८९.६० | १३.४६ |
| पाल्पा | १२९३.३२ | २.७३ | बर्दिया | २९१७.११ | ६.१५ |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

यस प्रदेशमा कृषि क्षेत्रमा प्रवाहित कर्जामा जिल्लागत हिस्सा हेर्दा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा धेरै ३७.९१ प्रतिशत छ भने रुकुमपूर्व जिल्लाको हिस्सा सबैभन्दा कम ०.०८ प्रतिशत मात्र रहेको छ । यसैगरी, कुल कृषि कर्जामा दाङको १६.२२ प्रतिशत, बाँकेको १३.४६ प्रतिशत, कपिलबस्तुको ९.७४ प्रतिशत, नवलपरासी पश्चिमको ८.७९ प्रतिशत, बर्दियाको ६.१५ प्रतिशत, पाल्पाको २.७३ प्रतिशत, प्यूठानको १.८० प्रतिशत, गुल्मीको १.३० प्रतिशत, रोल्पाको १.०५ प्रतिशत हिस्सा रहेको छ (तालिका ३.६)।

समीक्षा अवधिमा कुल कृषि क्षेत्रमा प्रवाहित कर्जामध्ये कृषि र वन सम्बन्धी शीर्षकमा प्रवाहित कर्जा २५.५० प्रतिशतले वृद्धि भई रु.४५ अर्ब ४९ करोड ५० लाख पुगेको छ भने माछापालन सम्बन्धी शीर्षकमा ३१.३८ प्रतिशतले वृद्धि भई रु.१ अर्ब ७९ करोड ८० लाख पुगेको छ। यसैगरी कुल कृषि क्षेत्रमा प्रवाहित कर्जामध्ये सूर्तिमा २२४.६० प्रतिशत, सनपाटमा १५९.६५ प्रतिशत, फलफूल तथा पुष्पखेतीमा १३०.५२ प्रतिशत, अन्न बालीमा १२२.३३ प्रतिशत, माहुरीपालनमा १०२.०९ प्रतिशत, तरकारी बालीमा ३२.३१ प्रतिशत,पंक्षीपालनमा २८.३४, प्रतिशत, पशुपालन/ पशु बधशालामा २६.०९ प्रतिशत र अन्य नगदे बालीमा १०.५० प्रतिशतले वृद्धि भएको छ भने र सिँचाई शीर्षकमा ८३.४३ प्रतिशत, शीत भण्डारणमा ३४.५० प्रतिशत, मलखाद तथा किटनाशकमा १६.४१ प्रतिशत, अन्य कृषि तथा कृषिजन्य सेवामा ६.६६ प्रतिशतले ह्रास भएको छ (चार्ट ३.९)।



चार्ट ३.९: कृषि कर्जाको अवस्था (प्रतिशत परिवर्तन)

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

**बक्स: १ कृषिको समावेशी रुपान्तरणको लागि मूल्य श्रृंखला**

**(Value Chains for Inclusive Transformation of Agriculture (VITA)**

आर्थिक वृद्धि, लैङ्गिक समानता, जलवायु अनुकुलन, गरिबी बिहिनता र शुन्य भोकमरी लगायतका दिगो विकासका लक्ष्यहरु हासिल गर्न सहयोग पुऱ्याउने र नेपाल सरकारले लिएको कृषि विकास रणनिति (कृषि क्षेत्रको व्यवसायिकरण, समावेशिकरण तथा प्रतिस्पर्धात्मक विकास) लाई सहयोग पुऱ्याउन तथा कृषि क्षेत्रको विकास मार्फत जीविकोपार्जन एवं पोषण अवस्थामा सुधार गरी आर्थिक वृद्धिमा टेवा पुऱ्याउने लक्ष्य एवम गुणस्तरीय ग्रामीण वित्तिय सेवा मार्फत मूल्य श्रृंखलामा आधारित कृषि व्यवसायलाई बजारसँग जोडी नाफामूलक तथा प्रतिस्पर्धी कृषि उद्यमको विकास गर्ने उद्देश्यका साथ यस लुम्बिनी प्रदेशमा कृषिको समावेशी रुपान्तरणको लागि मूल्य श्रृंखला **(VITA)** कार्यक्रम लागु गरिएको छ । यो कार्यक्रम कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष **(IFAD)** र नेपाल सरकार अर्थ मन्त्रालय बीच मिति २०७८ मंसिर २१ मा सम्झौता भएको र यो कार्यक्रमको अवधि ६ वर्ष रहने छ । यो कार्यक्रम लुम्बिनी प्रदेशका १२ जिल्लामा कृषि विकास बैंक लिमिटेड का ३३ वटा शाखाहरु मार्फत कार्यान्वयन ल्याईनेछ । यो कार्यक्रममा छनौट भएका साना र सिमान्तकृत उत्पादक/कृषकहरु, संकलक तथा प्रशोधनकर्ता, महिला (कम्तिमा ५० प्रतिशत), युवा (३० प्रतिशत), एवं दलित, जनजाति लगायत पिछडिएका वर्ग र सम्वन्धित आपूर्ति श्रृंखलामा आवद्ध लघु, साना र मझौला उद्यमी तथा ठूला व्यवसायीहरु संलग्न रहने छन् । कार्यक्रम शुरु भएपश्चात आपूर्ति श्रृंखलामा प्रत्यक्ष रुपमा संलग्न कृषक उत्पादक, उद्यमी एवं व्यवसायिहरु ७०,००० र संचालनमा रहिरहेका आयोजना **(RERP, ASDP, SLVC2)** का ५०००० घर परिवारहरु गरी कुल १,२०,००० घरपरिवारहरु लाभान्वित हुने, राम्रो गुणस्तरको ग्रामिण वित्तिय सेवाहरुमा किसानहरुको पहुँच वृद्धि हुने, किसानहरुको कुल आयमा ५५% ले वृद्धि हुने तथा कृषि क्षेत्रमा महिला सशक्तिकरण तथा पहुँचमा वृद्धि हुने अपेक्षा रहेको छ ।

***(स्रोत : कृषि विकास बैंक लि.,लम्बिनी प्रदेश कार्यालय ।)***

### ३.६.१ कृषि क्षेत्रका चुनौतीहरु तथा संभावना

**चुनौतीहरु**

- कृषि, पशुजन्य एवं विभिन्न उत्पादनहरुसँग सम्बन्धित सरोकारवाला व्यवसायिक कृषक, कृषक समूह, कृषि सहकारी, गैर सरकारी संघसंस्थाहरुसँगको समन्वय एवं सहकार्यमा आवश्यकता र माग तथा उपलब्ध हुन सक्ने प्राविधिक सम्भाव्यताको आधारमा कार्यक्रमहरुको छनौट, कार्यान्वयन र प्रवर्द्धनमा पहुँच विस्तार गर्नु ।
- आधुनिक एवं व्यवसायिक कृषि गर्न चाहने किसानको लागि प्रर्याप्त मात्रामा प्राविधिक ज्ञान तथा सरसल्लाह दिने संस्था तथा कृषिविज्ञहरु बढाउदै लैजानु ।
- सरकारले कृषिक्षेत्रलाई प्रवर्द्धन गर्न यस क्षेत्रमा अनुदानका कार्यक्रमहरु प्रभावकारी बनाउने एवं युवा कृषकहरु लाई कृषि तथा पशु व्यवसायतर्फ आकर्षित गराउनु ।
- कृषकहरुमा बाली तथा पशुपंक्षी बीमा सम्बन्धी चेतना अभिवृद्धि गरी कृषि पेशालाई सुरक्षित पार्नु ।
- कृषकहरुमा आफ्नो उत्पादनको उचित मूल्यमा बजार उपलब्धता सम्बन्धमा सुनिश्चितताको कमी तथा किसान र उपभोक्ता बीचमा बिचौलियाहरु रहनु ।
- सिंचाईको पूर्वाधारको रुपमा रहेको नहर तथा कुलोहरुको अपर्याप्तता र निर्माण भएका नहर तथा कुलोहरु आवश्यक मर्मत संभारको अभावमा जीर्ण हुनु तथा सिंचाईको लागी छनौट भएका परियोजनाहरु तोकिएको समयभित्र निर्माण हुन नसकेको कारण आधा भन्दा वढी खेतियोग्य जमिन मनसुनी वर्षामा निर्भर रहनु पर्ने अवस्था रहेको कारणले पर्याप्त सिंचाइ सुविधा उपलब्ध गराउनु चुनौतीपुर्ण रहनु ।
- यस प्रदेशका सबै जिल्लाहरुमा कृषि क्षेत्रमा पर्याप्त मात्रामा लगानी हुन नसकेको, विशेष गरी संस्थागत लगानी बढाउनु पर्ने चुनौती ।
- सीमावर्ती क्षेत्रबाट खुला रुपले आयात हुने कृषि उत्पादनसँग यस क्षेत्रको कृषि उपजको प्रतिस्पर्धात्मक क्षमता बनाउनु चुनौतीपुर्ण र भारतबाट भित्रिने खाद्य पदार्थको प्रभावकारी क्वारेन्टाइन नहुनु ।

### संभावनाहरु

यस प्रदेशका पहाडी तथा तराई भू-भागमा सबै प्रकारका कृषि उपजहरुको उत्पादनको लागि आवश्यक मौसमी अनुकूलता रहेकोले अन्नबाली, फलफुल, तरकारी साथै जडिवुटी खेती समेत गर्न सकिने संभावना रहेको ।

- यस प्रदेशका सबै पालिकाहरु सडक यातायातको पहुँचमा रहेकाले कृषि उपजहरु सजिलै बजारसम्म पुऱ्याउन सकिने अवस्था रहेको ।
- यस प्रदेशमा सञ्चार, विद्युत् लगायतका पूर्वाधारहरुको पहुँचका कारण कृषि उत्पादन बढाउन सहयोग पुगिरहेको र भविष्यमा थप बृद्धिको संभावना रहेको ।
- यस प्रदेशमा कृषि उपजका साथै, माछा, मासु, अण्डा एवम् दूधको बढ्दो मागले गर्दा कृषि उत्पादनले स्थानीयस्तरमै बजार पाउन सक्ने अवस्था रहेको ।
- सिँचाइ सुविधा उपलब्ध गराउन विभिन्न सिँचाई परियोजनाहरु निर्माण भैसकेका र हुने क्रममा रहेकाले आगामी दिनमा थप कृषियोग्य जमिनमा सिँचाइको सुविधा बढ्ने संभावना देखिएको ।
- कृषि क्षेत्रमा लगानी बढाउन अधिकांश कृषकको पहुँच पुग्ने गरी सरल तरीकाबाट न्यूनतम ब्याजदरमा कृषि ऋण उपलब्ध गराउने राष्ट्रिय नीति नेपाल सरकारको रहेकोले यस प्रदेशका कृषकहरुलाई समेत राहत पुग्ने देखिएको ।
- बीउबिजन, दूध उत्पादन तथा कृषि उपकरण खरिद आदि जस्ता शीर्षकमा सरकारले अनुदानको व्यवस्था गरेकोले कृषकलाई यस क्षेत्रमा आकर्षण बढाउन मद्दत पुगेको ।
- यस प्रदेशमा अन्न बाली, फलफूल तथा तरकारी खेतीका लागि पकेट क्षेत्र बनाई उन्नत बीउबिजन उपलब्ध गराई कृषकलाई आकर्षण गर्ने गरेकाले युवा जनशक्तिलाई समेत यस क्षेत्रमा लाग्न प्रेरिणा गरेको ।
- नेपाल राष्ट्र बैंकवाट जारी गरिएका कृषि सम्बन्धी विभिन्न नीति, परिपत्रहरुको पालनाका लागि बैंक तथा वित्तीय संस्था, कृषक एवं अन्य सरोकारवाला निकायहरुसंग बेलाबखतमा अन्तरक्रिया एवं छलफल भईरहेको हुंदा आगामी दिनमा कृषि लगानी वृद्धि हुंदै जाने देखिन्छ । प्रदेशको विविध भौगोलिक सम्भाव्यता र हावापानीको उपलब्धताले गर्दा पकेट, विशेष र सरोकारवाला कृषक समुदायको मागमा आधारित कार्यक्रम संचालन गर्न सहज रहेको ।
- कृषक र प्राविधिक जनशक्तिहरुको वृद्धिबाट व्यवसायिक क्षमता अभिवृद्धिको माध्यमबाट प्रविधि र प्राविधिक सेवा प्रवाहमा विस्तारको थप अवसर प्राप्त हुने ।
- प्रदेश स्तरमा खाद्यान्न, तरकारी, फलफूल, मासु, दुध, अण्डा लगायतका कृषिजन्य उपजको उत्पादन र उत्पादकत्व वृद्धि गरी आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन र आपूर्तिमा आत्मनिर्भर बनाउने जिम्मेवारीलाई अवसरको रुपमा लिन सकिने ।
- खाद्यान्न वालीको वीउ व्यवसायीकरणबाट प्रदेश आत्मनिर्भर तथा अन्तर प्रदेश निर्यातको लागि सम्भावना रहेकोले सोलाई प्रदेश गौरव आयोजनाको रुपमा प्रवद्धन गर्न सकिने ।
- प्रदेशको जनघनत्वको आधारमा आवश्यक पर्ने कृषि/पशुपंछीजन्य उत्पादनको वासलात मूल्याङ्कन गरी सोको आपूर्ति व्यवस्था गरी प्रदेशको वार्षिक नीति तथा कार्यक्रममा यस क्षेत्रको विकासलाई प्राथमिकता दिइनुलाई समेत अवसरको रुपमा लिन सकिन्छ ।
- चालु आर्थिक वर्षमा निर्माण सम्पन्न हुने १० थान शीत भण्डारण आयोजनाहरुले कृषि उत्पादन भण्डारण गर्न सहयोग पुऱ्याउने भएकोले आम कृषकहरुको लागि व्यवसायिक कृषिकर्ममा थप आकर्षण बढाउने सम्भावना देखिएको ।

***(स्रोत : कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेश ।)***

## परिच्छेद ४

# उद्योग क्षेत्र

### ४.१ उद्योगको क्षमता उपयोग तथा उत्पादन

समीक्षा अवधिमा यस प्रदेशका नमुनागत रुपमा छनौटमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ५०.१८ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा यस्ता उद्योगको औसत क्षमता उपयोग ४९.२२ प्रतिशत रहेको थियो । आल्मुनियमको अत्यधिक माग बढेको कारण आल्मुनियम उद्योगले सतप्रतिशत क्षमता उपयोग गरेको छ भने तोरीको तेल उद्योगलेसबैभन्दा कम २१.९३ प्रतिशत क्षमता उपयोग गरेको छ । कंक्रीट उत्पादन सम्बन्धी उद्योगले ९५.९२ प्रतिशत, प्लाष्टिकका सामान ८०.८२ प्रतिशत, पशुदाना ७५.८३ प्रतिशत, विजुलीको तार र केबुल ७४.३६ प्रतिशत, सिन्थेटिक कपडा ७०.८३ प्रतिशत, चाउचाउ ६०.१३ प्रतिशत, फलामको छड तथा पत्ति ५९.३७ प्रतिशत, मदिरा ५६.९७ प्रतिशत, जि.आई.तार ५६.९० प्रतिशत, कागज ४६.९७ प्रतिशत, सिमेन्ट ४३.९३ प्रतिशत, रोजिन ४०.३६ प्रतिशत, गहुको पिठो ३२.२७ प्रतिशत र चामल २४.२३ प्रतिशत क्षमता उपयोग गरेको देखिन्छ (तालिका ४.१)।

**तालिका ४.१: उद्योगको क्षमता उपयोग (प्रतिशत परिवर्तन)**

| उत्पादित वस्तुको नाम | गत अवधि | समीक्षा अवधि |
|---|---|---|
| तोरीको तेल | ४५.६५ | २१.९३ |
| चामल | ३२.६३ | २४.२३ |
| गहुंको पिठो | ५५ | ३२.२७ |
| पशुदाना | ४३.६३ | ७५.८३ |
| चाउचाउ | ९४.०९ | ६०.१३ |
| मदिरा | ७२.७५ | ५६.९७ |
| सिन्थेटिक कपडा | ३८.९२ | ७०.८३ |
| कागज | २८.२७ | ४६.९७ |
| रोजिन | ४४.३२ | ४०.३६ |
| प्लाष्टिकका सामान | ८०.०४ | ८०.८२ |
| सिमेण्ट | २०.८१ | ४३.९३ |
| कंक्रीट | ८९.७० | ९५.९२ |
| फलामको छड तथा पत्ति | ३७.३० | ५९.३७ |
| जि.आई तार | ७३.८१ | ५६.९० |
| आल्मुनियम उत्पादन | ६६.६७ | १०० |
| बिजुलीका तार र केबुल | ५०.०० | ७४.३६ |

*स्रोत: अध्ययनमा समेटिएका उद्योगहरु ।*

### ४.१ औद्योगिक उत्पादनको अवस्था

समिक्षा अवधिमा अध्ययनमा समेटिएका उद्योगका उत्पादनहरुमध्ये बजार माग बढेको कारण सिन्थेटिक कपडा १९.९४ प्रतिशत, कागज ६६.१६ प्रतिशत, प्लाष्टिकका सामान ७.०७ प्रतिशत, सिमेन्ट ६३.१५ प्रतिशत, कंक्रिट ६.९३ प्रतिशत, फलामको छड तथा पत्ति ५६.४७ प्रतिशत र विजुलीको तार तथा केबुल १४.५८ प्रतिशतले वृद्धि भएको छ भने सिजीको नयाँ उद्योग रारा चाउचाउ फेक्ट्री सञ्चालनमा आएको कारण चाउचाउ उत्पादन ११.४७ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी कच्चा पदार्थको सहज उपलब्धता नभएको कारण रोजिन उत्पादन ८.९४ प्रतिशत र बजारमा माग घटेको कारण मदिरा २१.६९ प्रतिशतले ह्रास भएको छ ।

### ४.२ क्षेत्रगत औद्योगिक कर्जा

यस प्रदेशका बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको औद्योगिक कर्जामध्ये खानी सम्बन्धी उद्योगमा ०.७६ प्रतिशत, कृषि, वन तथा पेय पदार्थ सम्बन्धी उद्योगमा २८.६७ प्रतिशत, गैर-खाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगमा ४०.६४ प्रतिशत, निर्माण सम्बन्धी उद्योगमा २२.८७ प्रतिशत, विद्युत् ग्यास तथा पानी सम्बन्धी उद्योगमा ०.८७ प्रतिशत र धातुका उत्पादन मेसीनरी तथा इलेक्ट्रोनिक सम्बन्धी उद्योगमा ६.१७ प्रतिशत कर्जा प्रवाह भएको छ ।

यस प्रदेशमा प्रवाहित कुल औद्योगिक कर्जामा जिल्लागत हिस्सा हेर्दा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा धेरै ६२.६६ प्रतिशत छ भने रुकुमपूर्व जिल्लाको हिस्सा सबैभन्दा कम ०.०४ प्रतिशत रहेको छ । यसैगरी, कुल औद्योगिक कर्जामा बाँकेको १६.८९ प्रतिशत, दाङको ६.६० प्रतिशत, नवलपरासी पश्चिमको ४.६६ प्रतिशत र कपिलबस्तुको ४.६१ प्रतिशत, बर्दियाको १.४९ प्रतिशत, पाल्पाको १.०९ प्रतिशत, गुल्मीको ०.७३ प्रतिशत, प्यूठानको ०.४८ प्रतिशत, अर्घाखाँचीको ०.३९ प्रतिशत र रोल्पाको ०.३५ प्रतिशत हिस्सा रहेको छ (तालिका ४.२)।


**तालिका ४.२: जिल्लागत औद्योगिक कर्जाको अवस्था**

| जिल्ला | रु.दश लाखमा | हिस्सा (प्रतिशत) |
|---|---|---|
| रुकुम पूर्व | ५३.९९ | ०.०४ |
| रोल्पा | ४६२.०२ | ०.३५ |
| प्यूठान | ६२१.७ | ०.४८ |
| गुल्मी | ९४८.०५ | ०.७३ |
| अर्घाखाँची | ५०६.५९ | ०.३९ |
| पाल्पा | १४२०.५६ | १.०९ |
| नवलपरासी | ६०७९.५७ | ४.६६ |
| **रुपन्देही** | ८१६६०.४१ | ६२.६६ |
| कपिलबस्तु | ६०१३.४९ | ४.६१ |
| दाङ | ८६०३.९६ | ६.६० |
| बाँके | २२०११.७४ | १६.८९ |
| बर्दिया | १९४३.५८ | १.४९ |
| **कुल** | १३०३२५.६६ | १०० |

*स्रोत: नेपाल राष्ट बैंक ।*

## ४.३ औद्योगिक कर्जा

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले लुम्बिनी प्रदेशका औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा १४.०८ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ३० अर्ब ३२ करोड ५६ लाख पुगेको छ । समीक्षा अवधिमा कुल औद्योगिक कर्जामध्ये खानी सम्बन्धी उद्योगमा ३४.२२ प्रतिशत, कृषि, वन तथा पेय पदार्थ सम्बन्धी उद्योगमा ३८.८८ प्रतिशत, गैरखाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगमा २१.०५ प्रतिशत र धातुका उत्पादन मेशिनरी तथा इलेक्ट्रोनिक्स सम्बन्धी उद्योगमा २१.४४ प्रतिशतले वृद्धि भएको छ भने निर्माण सम्बन्धी उद्योगमा १४.८४ प्रतिशत र विद्युत, ग्याँस तथा पानी सम्बन्धी उद्योगमा ५.४२ प्रतिशतले ह्रास भएको छ (चार्ट ४.१) ।




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ४.४ औद्योगिक क्षेत्रको संभावना र चुनौती

### संभावना :

- नेपालमा सञ्चालनमा रहेका ६० सिमेन्ट उद्योगहरुमध्ये लुम्बिनी प्रदेशमामात्र ४५ वटा रहेको र अन्य क्षेत्रको तुलनामा खानीजन्य उद्योगको रोयल्टी कम रहेका कारण यस क्षेत्रमा क्लिंङ्कर तथा सिमेन्टको उत्पादन र निर्यात बढ्न सक्ने तथा यस्ता उद्योगले आयात प्रतिस्थापन गर्न सक्ने संभावना रहेको छ ।

- यस प्रदेशमा समेत संघिय सरकारले कोभिड–१९ प्रभावित तथा तुलनात्मक लाभको बस्तुहरुमा आयकर सहुलियत, पुनःकर्जा सुविधा, विद्युत्को निरन्तर आपूर्ति लगायत अन्य सहयोग समेत गरेकोले उद्योगी व्यवसायीहरुमा उत्साह बढेको कारण प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढ्ने संभावना रहेको छ ।

- कोभिड–१९को बन्दाबन्दी अवधिमा प्रभावित भएका अधिकांश उद्योगहरु हाल कोभिड-१९ को प्रभाव कम हुदै गएको अवस्था र कोभिडको तेस्रो लहर त्यति घातक नरहेको एंव बजारमा माग समेत बढेको कारण सो बाट उद्योगहरुको उत्पादन, रोजगारी र आर्थिक गतिविधि बढ्न गई सो को असर स्वरुप यस प्रदेशको अन्य आर्थिक तथा सामाजिक सूचकहरु समेत अनुकूल रहने संभावना रहेको छ ।

- यस प्रदेशमा पेट्रोलियम पदार्थ भण्डारण क्षमता वृद्धि भएको, बन्द, हडताल जस्ता अवरोधका बावजूद पनि बेलहिया नाका सञ्चालनमा रहनु र नेपालगञ्ज भन्सार विन्दुमा एकीकृत जाँच चौकिको निर्माण कार्य भैरहेकोले निर्यात प्रोत्साहन भई औद्योगिक उत्पादनले भारतीय बजार पाउने संभावना रहेको ।

### चुनौतीहरु :

- सिमेण्ट उद्योगहरुका खानी उत्खनन्ले चुरे क्षेत्र मासिने एंव वायु प्रदुषण बढ्नुका साथै पानीका मूलहरु सुकेका कारण वातावरणमा प्रतिकूल प्रभाव परी सोलाई नियन्त्रण तथा व्यवस्थापन गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।
- खानिजन्य सामानहरुको ओसारपसारमा टिपरहरुको बाक्लो आवत जावतका कारण क्षतिग्रस्त सडकलाई नियमित मर्मत गर्ने र यातायातमा जाम तथा दुर्घटना न्यून गर्ने कार्य चुनौतीपूर्ण रहेको छ । ।
- यस प्रदेशका उद्योगहरुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नका लागि नियमित विद्युतीय आपूर्ति, कच्चा पदार्थको सहज उपलब्धता र श्रमको सहज र निरन्तर आपूर्तिलाई सुनिश्चित गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।
- पेट्रोलियम पदार्थको निरन्तर मूल्य वृद्धिका कारण उत्पादन लागत महंगो परी औद्योगिक उत्पादनहरुको उपयुक्त मुल्य कायम गर्नु चुनौतीपूर्ण देखिन्छ । त्यसैगरी मूल्य वृद्धिका कारण पेट्रोलियम पदार्थ भण्डारण गर्ने कार्यमा समेत चुनौतीपूर्ण रहेको छ ।

## परिच्छेद ५

# सेवा क्षेत्र

### ५.१ पर्यटन

#### ५.१.१ स्तरीय होटल तथा लज :

होटल एसोसिएसन अफ नेपाल, लुम्बिनी प्रदेशबाट प्राप्त तथ्याङ्क अनुसार कोभिड-१९ को प्रभाव कम हुँदै गएको, लकडाउन नरहेको, नयाँ होटलहरु निमार्ण भैसकेको र थप होटलहरु निर्माणको क्रममा रहेको कारण समीक्षा अवधिमा स्तरीय होटल तथा लज संख्या गत वर्षको सोही अवधिको तुलनामा १८.३० प्रतिशतले वृद्धि भई १ सय ८१ पुगेको छ भने होटल शैयाको संख्या र प्रत्यक्ष रोजगारी संख्या क्रमश: २९९ प्रतिशत र २६.८३ प्रतिशतले वृद्धि भएको छ ।

#### ५.१.२ होमस्टे :

तर कोभिड-१९ को प्रभावले गर्दा समीक्षा अवधिमा होमस्टे संख्या र होमस्टे शैया संख्या गत वर्षको सोही अवधिको तुलनामा क्रमश: १४.४८ प्रतिशत र ७.७८ प्रतिशतले ह्रास भएको छ भने होमस्टेमा अघिल्लो वर्ष गुमेको रोजगारी पुनरउत्थान भएवमोजिम प्रत्यक्ष रोजगारी संख्या १२.६७ प्रतिशतले वृद्धि भएको छ ।

#### ५.१.३ पर्यटक आगमन संख्या :

समीक्षा अवधिमा भारतबाट १०३५० र तेस्रो मुलुकबाट १४१५ गरी जम्मा ११७६५ पर्यटकको आगमन भएको छ । कोभिड-१९ को लकडाउनको कारण गत वर्षको सोही अवधिमा पर्यटकको आगमन नगन्य रहेको थियो (तालिका ५.१)।

**तालिका ५.१: होटल, होमस्टे र पर्यटन आगमनको अवस्था**


| विवरण | अवधि आ.ब.(साउन-पुष) | | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | गत अवधि | समीक्षा अवधि |
| **स्तरीय होटल तथा लज संख्या** | १५३ | १५३ | १८१ | | १८.३० |
| होटल शैयाको संख्या | १२६८० | ११२८० | ४५०१५ | - ११.०४ | २९९.०७ |
| प्रत्यक्ष रोजगारी संख्या | ८१८५ | ५४६० | ६९२५ | - ३३.२९ | २६.८३ |
| **होमस्टे संख्या** | १०८० | १०५० | ८९८ | - २.७८ | - १४.४८ |
| होमस्टे शैयाको संख्या | ३२२५ | ३१४५ | २९०० | - २.४८ | - ७.७९ |
| प्रत्यक्ष रोजगारी संख्या | ३००० | १६४२ | १८५० | - ४५.२७ | १२.६७ |
| **पर्यटक आगमन संख्या** | ५७८० | | ११७६५ | | |
| भारत | ५६२० | | १०३५० | | |
| चीन | | | | | |
| तेस्रो मुलुक | १६० | | १४१५ | | |

*स्रोत: होटल एशोसियसन अफ नेपाल, लुम्बिनी प्रदेश, नेपालगञ्ज ।*

#### ५.१.४ अकुपेन्सी दर तथा रोजगारी :

लुम्बिनी प्रदेशस्थित पर्यटक स्तरीय होटलहरुको अकुपेन्सी दर तथा रोजगारीको अवस्था विश्लेषण गर्न स्थलगत सर्वेक्षण मार्फत पाल्पा जिल्लाबाट १, बाँकेबाट ३ र रुपन्देहीबाट ६ गरी जम्मा १० वटा पर्यटक स्तरीय होटलहरुको स्थलगत सर्वेक्षणबाट तथ्याँक संकलन गरिएको छ । प्राप्त तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७४/७५ र आर्थिक वर्ष.२०७५/७६ मा होटलहरुको अकुपेन्सी वृद्धिदर र रोजगारी वृद्धिदर सकारात्मक रहेतापनि कोभिड-१९ (पहिलो र दोश्रो) लहरका कारण आर्थिक वर्ष २०७६/७७ र आर्थिक वर्ष २०७७/७८ मा अकुपेन्सी वृद्धिदर र रोजगारी वृद्धिदर नकारात्मक रहेको देखिन्छ । यस अवधिमा होटलहरुको बुकिङ्ग रद्द भएको साथै बैंकको किस्ता समेत निरन्तर हुन नसकेको जस्ता अवस्थाहरु देखिएका छन् । हाल कोभिड-१९ को प्रभाव कम हुदै गएको र तेस्रो लहर त्यति घातक नरहेको कारण आर्थिक वर्ष २०७८/७९ पुष मसान्तसम्ममा आर्थिक वर्ष २०७७/७८ असार मसान्तको तुलनामा

उक्त होटलहरुको अकुपेन्सी वृद्धि दर र रोजगारी वृद्धिदर क्रमशः २३५.३५ प्रतिशत र २४०.८५ प्रतिशतले बढेको देखिन्छ (चार्ट ५.१) ।





*स्रोतः नमुना छनौटमा परेका पर्यटक स्तरीय होटलहरु ।*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट :

लुम्बिनी प्रदेशका ३६ वटा नगरपालिका तथा २२ वटा मालपोत कार्यालयहरुबाट आर्थिक वर्ष २०७८/७९ पुष मसान्तको प्राप्त तथ्याङ्क अनुसार घर तथा भवनको नक्सा पास, घरजग्गा रजिष्ट्रेशन र घरजग्गा रजिष्ट्रेशन राजश्वको अवस्था देहाय बमोजिम रहेको छ ।

### ५.२.१ घर तथा भवनको नक्सा पास संख्या

लुम्बिनी प्रदेशका ३६ वटा नगरपालिकाबाट आर्थिक वर्ष २०७८/७९ पुष मसान्तको प्राप्त तथ्याङ्क अनुसार घर तथा भवनको नक्सा पासको संख्या समीक्षा अवधिमा गत अवधिको तुलनामा ३.६१ प्रतिशतले बृद्धि भई ४ हजार ६ सय ५१ पुगेको छ । यस प्रदेशमा कुल घर तथा भवनको नक्सा पास संख्याको जिल्लागत हिस्सा हेर्दा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा धेरै ४७.२८ प्रतिशत र रोल्पा जिल्लाको हिस्सा सबैभन्दा कम ०.१५ प्रतिशत रहेको छ भने रुकुम पूर्व जिल्लामा घर तथा भवनको नक्सा पास संख्या शून्य रहेको छ (चार्ट ५.२) ।





*स्रोतः अध्ययनमा समेटिएका नगरपालिकाको कार्यालयहरु ।*

### ५.२.२ घरजग्गा रजिष्ट्रेशन संख्या

लुम्बिनी प्रदेशका २२ वटा मालपोत कार्यालयहरुबाट आर्थिक वर्ष २०७८/७९ पुष मसान्तको प्राप्त तथ्याङ्क अनुसार समिक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन संख्या गत अवधिको तुलनामा २०.०३ प्रतिशतले ह्रास भई ६४ हजार ५ सय ५१ पुगेको छ ।

### ५.२.३ घरजग्गा रजिष्ट्रेशन राजश्व

यस प्रदेशमा समिक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन राजश्व गत अवधिको तुलनामा ८८.३० प्रतिशतले बृद्धि भई रु.६ अर्व ८८ करोड ५२ लाख संकलन भएको छ। जिल्लागत घरजग्गा रजिष्ट्रेशन राजश्व तुलना गर्दा आ.व.२०७८/७९ पुष मसान्तमा रुपन्देही जिल्लाको योगदान सबैभन्दा धेरै ७८.५६ प्रतिशत रहेको छ र रुकुमपूर्व जिल्लाको योगदान सबैभन्दा कम (०.०७ प्रतिशत) रहेको छ भने बाँकेको ५.७७ प्रतिशत, दाङको ५.६५ प्रतिशत, कपिलबस्तुको ३.५६ प्रतिशत, नवलपरासीको २.८८ प्रतिशत, बर्दियाको १.९४ प्रतिशत र अन्य जिल्लाहरुको १.६४ प्रतिशत योगदान रहेको छ। (चार्ट ५.३)।





*स्रोत: अध्ययनमा समेटिएका मालपोत कार्यालयहरु।*

## ५.३ वित्तीय सेवा :

### शाखा संख्या

नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागबाट प्राप्त तथ्याङ्क अनुसार २०७८ पुस मसान्तसम्ममा यस प्रदेशमा क वर्गको ७२४, ख वर्गको २४१, ग वर्गको ४३ र घ वर्गको ११५८ गरी जम्मा २१६६ वटा बैंक तथा वित्तीय संस्थाहरुको शाखा सञ्चालनमा रहेका छन् । यस मध्ये रुपन्देही जिल्लामा सबैभन्दा बढी ५३० वटा र रुकुमपूर्व जिल्लामा सबैभन्दा कम १५ वटा शाखाहरु सञ्चालनमा रहेका छन् भने दाङमा २९६, बाँकेमा २२५९, कपिलवस्तुमा २१९, बर्दियामा २१८, नवलपरासीमा १८३, पाल्पामा १२९, गुल्मीमा ११३, प्यूठानमा ७६, अर्घाखाँचीमा ६८ र रोल्पामा ६० वटा शाखाहरु रहेका छन् (चार्ट ५.४)।




चार्ट ५.४: जिल्लागत बैंक तथा वित्तीय संस्थाका शाखा संख्याको अवस्था

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

### मोबाईल बैंकिङ्ग तथा ईन्टरनेट बैंकिङ्ग दर्ता संख्या र शाखा रहित बैंकिङ्ग सेवा :

समीक्षा अवधिमा यस प्रदेशको बैंक तथा वित्तीय संस्थाहरुमा २६ लाख ४६ हजार १७१ मोबाईल बैंकिङ्ग सेवा र १ लाख ८२ हजार ६६ ईन्टरनेट बैंकिङ्ग सेवा दर्ता भएको छ भने बाणिज्य बैंकहरुले ५८५ शाखा रहित बैंकिङ्ग सेवा उलब्ध गराएका छन् । कुल मोबाईल बैंकिङ्ग सेवामा सक्रिय ग्राहकको ७५.७४ प्रतिशत हिस्सा रहेको छ भने कुल ईन्टरनेट बैंकिङ्ग सेवामा सक्रिय ग्राहकको ७४.४५ प्रतिशत हिस्सा रहेको छ । जिल्लाहरुमा कुल मोबाईल बैंकिङ्ग सेवा दर्ता संख्या तुलना गर्दा समीक्षा अवधिमा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा धेरै (३३.२७ प्रतिशत) रहेको छ भने रुकुमपूर्व जिल्लाको हिस्सा सबैभन्दा कम ०.२८ प्रतिशत रहेको छ र ईन्टरनेट बैंकिङ्ग सेवा दर्ता संख्या तुलना गर्दा समीक्षा अवधिमा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा धेरै (५२.०२ प्रतिशत) रहेको छ भने रुकुमपूर्व जिल्लाको हिस्सा सबैभन्दा कम (०.०४ प्रतिशत) रहेको छ । यसैगरी जिल्लाहरुमा बाणिज्य बैंकहरुको कुल शाखा रहित बैंकिङ्ग सेवा तुलना गर्दा समीक्षा अवधिमा रुपन्देही जिल्लाको हिस्सा सवैभन्दा धेरै (३८.१२ प्रतिशत) रहेको छ भने रुकुमपूर्व जिल्लाको हिस्सा सबैभन्दा कम (०.३४ प्रतिशत) रहेको छ (चार्टः ५.५)।



चार्ट ५.५: जिल्लागत मोबाईल बैंकिङ्ग तथा ईन्टरनेट बैंकिङ्ग र शाखा रहित बैंकिङ्ग सेवा 'क' वर्ग (हिस्सा प्रतिशतमा)

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

### कुल निक्षेप :

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेप गत वर्षको सोही अवधिको तुलनामा न्यून मात्राले (०.४६ प्रतिशत) वृद्धि भई रु.४ खर्ब २ अर्व ८३ करोड ७६ लाख पुगेको छ भने २०७८ असार मसान्तको तुलनामा ९.०० प्रतिशतले वृद्धि भएको छ । जिल्लाहरुको कुल निक्षेपको अवस्था तुलना गर्दा समीक्षा अवधिमा रुपन्देही जिल्लाको हिस्सा सवैभन्दा धेरै ४४.४८ प्रतिशत रहेको छ भने रुकुमपूर्व जिल्लाको हिस्सा सबैभन्दा कम ०.२३ प्रतिशत रहेको छ । त्यसपछी, कुल निक्षेपमा बाँकेको १२.२७ प्रतिशत, दाङको १०.८१ प्रतिशत, कपिलवस्तुको ६.३२ प्रतिशत, पाल्पाको ५.७३ प्रतिशत, नवलपरासी पश्चिमको ५.५० प्रतिशत, गुल्मीको ५.२९ प्रतिशत, अर्घाखाँचीको ३.१२ प्रतिशत, बर्दियाको ३.२० प्रतिशत, प्यूठानको १.९३ प्रतिशत र रोल्पाको १.१४ प्रतिशत हिस्सा रहेको छ (तालिका ५.२) ।

**तालिका ५.२: जिल्लागत निक्षेप, कर्जा र कर्जा/निक्षेप अनुपातको अवस्था**

| जिल्ला | कुल निक्षेप रु. दश लाखमा | कुल निक्षेपको अंश (प्रतिशतमा) | कुल कर्जा रु. दश लाखमा | कुल कर्जाको अंश (प्रतिशतमा) | कर्जा/निक्षेप अनुपात(प्रतिशतमा) |
|---|---|---|---|---|---|
| रुकुम(पुर्व) | ९३७.३० | ०.२३ | ६८९.०७ | ०.१३ | ७३.५२ |
| रोल्पा | ४६०५.६७ | १.१४ | ३१९६.४२ | ०.६० | ६९.४० |
| प्यूठान | ७७६६.६३ | १.९३ | ६३७१.३१ | १.१९ | ८२.०३ |
| गल्मी | २१३०७.९१ | ५.२९ | ७१०८.७१ | १.३२ | ३३.३६ |
| अर्घाखाँची | १२५४८.६३ | ३.१२ | ३५६६.९९ | ०.६६ | २८.४३ |
| पाल्पा | २३०८९.१५ | ५.७३ | ११९७१.३७ | २.२३ | ५१.८५ |
| नवलपरासी प. | २२१३८.०४ | ५.५० | ३६६१६.५७ | ६.८२ | १६५.४० |
| **रुपन्देही** | १७९१८०.७८ | ४४.४८ | २६९१४१.२१ | ५०.१० | १५०.२१ |
| कपिलवस्त | २५४४३.०४ | ६.३२ | २८०२७.१७ | ५.२२ | ११०.१६ |
| दाङ | ४३५३१.१८ | १०.८१ | ६४२१७.९७ | ११.९५ | १४७.५२ |
| बाँके | ४९४१४.५२ | १२.२७ | ८९८२०.३७ | १६.७२ | १८१.७७ |
| बर्दिया | १२८७४.७९ | ३.२० | १६४६४.३३ | ३.०६ | १२७.८८ |
| **लम्बिनी प्रदेश** | ४०२८३७.६४ | १००.०० | ५३७१९१.४९ | १००.०० | १३३.३५ |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

### चल्ती निक्षेप :

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले परिचालन गरेको चल्ती निक्षेप गत वर्षको सोही अवधिको तुलनामा २१.८१ प्रतिशतले ह्रास भई रु.१ खर्व ७९ अर्व ९८ करोड ९८ लाख पुगेको छ भने २०७८ असार मसान्तको तुलनामा १०.०६ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा कुल निक्षेपमा चल्ती निक्षेपको ७.७३ प्रतिशत हिस्सा रहेको छ ।

### बचत निक्षेप :

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले परिचालन गरेको बचत निक्षेप गत वर्षको सोही अवधिको तुलनामा ११.९६ प्रतिशतले ह्रास भई रु. १ खर्व ७९ अर्व ९८ करोड ९९ लाख पुगेको छ तर २०७८ असार मसान्तको तुलनामा १०.०६ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा कुल निक्षेपमा चल्ती निक्षेपको ४४.६८ प्रतिशत हिस्सा रहेको छ ।

### मुद्धती निक्षेप :

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले परिचालन गरेको मुद्धती निक्षेप गत वर्षको सोही अवधिको तुलनामा ३०.९७ प्रतिशतले वृद्धि भई रु. १ खर्व ६७ अर्व ८७ करोड ३६ लाख पुगेको छ भने २०७८ असार मसान्तको तुलनामा ५.१९ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा कुल निक्षेपमा मुद्धती निक्षेपको ४१.६७ प्रतिशत हिस्सा रहेको छ ।

### अन्य निक्षेप :

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले परिचालन गरेको अन्य निक्षेप गत वर्षको सोही अवधिको तुलनामा १६.५२ प्रतिशतले ह्रास भई रु. २३ अर्ब ८२ करोड ८५ लाख पुगेको छ भने २०७८ असार मसान्तको तुलनामा १.५९ प्रतिशतले वृद्धि भएको छ। समीक्षा अवधिमा कुल निक्षेपमा अन्य निक्षेपको ५.९२ प्रतिशत हिस्सा रहेको छ।

### कुल कर्जा

समीक्षा अवधिमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा गत वर्षको सोही अवधिको तुलनामा १४.६२ प्रतिशतले वृद्धि भई रु.५ खर्ब ३७ अर्ब १९ करोड १५ लाख पुगेको छ भने २०७८ असारको तुलनामा १२.१६ प्रतिशतले वृद्धि भएको थियो । यसै गरी, समीक्षा अवधिमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाको कर्जा/निक्षेप अनुपात १३३.३५ प्रतिशत रहेको छ (तालिका ४.३) । जिल्लाहरुको कुल कर्जाको अवस्था तुलना गर्दा समीक्षा अवधिमा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा धेरै ५०.१० प्रतिशत रहेको छ भने रुकुमपूर्व जिल्लाको हिस्सा सबैभन्दा कम ०.१३ प्रतिशत रहेको छ । त्यसगरी, समीक्षा अवधिमा कर्जा/निक्षेप अनुपात सबैभन्दा धेरै १८१.७७ प्रतिशत बाँके जिल्लामा रहेको छ भने सबैभन्दा कम २८.४३ प्रतिशत अर्घाखाँची जिल्लामा रहेको छ। समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुमा ऋणीहरुको संख्या गत वर्षको सोही अवधिको तुलनामा ११.०९ प्रतिशतले वृद्धि भई २ लाख ८८ हजार ४९९ पुगेको छ।

### विपन्न वर्ग कर्जा

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको विपन्न वर्ग कर्जा गत वर्षको सोही अवधिको तुलनामा ४४.०१ प्रतिशतले वृद्धि भई रु.४७ अर्ब ३५ करोड ५४ लाख पुगेको छ भने २०७८ असार मसान्तको तुलनामा २४.७८ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा कुल कर्जामा विपन्न वर्ग कर्जाको ८.८२ प्रतिशत हिस्सा रहेको छ।

### पुनरकर्जा

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको पुनरकर्जा गत वर्षको सोही अवधिको तुलनामा ६१.४१ प्रतिशतले वृद्धि भई रु.२२ अर्ब ६० करोड ८३ लाख पुगेको छ भने २०७८ असार मसान्तको तुलनामा १०१.१९ प्रतिशतले वृद्धि भएको छ। समीक्षा अवधिमा कुल कर्जामा पुनरकर्जाको ४.२१ प्रतिशत हिस्सा रहेको छ।

### सहुलियतपूर्ण कर्जा

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको सहुलियतपूर्ण कर्जा गत वर्षको सोही अवधिको तुलनामा २७.८४ प्रतिशतले वृद्धि भई रु.३० अर्ब २७ करोड ४१ लाख पुगेको छ भने २०७८ असार मसान्तको तुलनामा ५४.२१ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा कुल कर्जामा सहुलियतपूर्ण कर्जाको ५.६४ प्रतिशत हिस्सा रहेको छ।

### ५.४ बचत तथा ऋण सहकारी संस्था :

लुम्बिनी प्रदेशका बचत तथा ऋण सहकारी संस्थाहरुमध्ये रुपन्देहीबाट ५, नवलपरासीबाट २, पाल्पाबाट २ र कपिलबस्तुबाट १ गरी जम्मा १० वटा सहकारी संस्थाहरु नमुना छनौट गरिएको छ । नमुना छनौटमा परेका सहकारी संस्थाहरुको स्थलगत सर्वेक्षण गरी पुँजी, बचत, ऋण, सदस्य संख्या र रोजगारी संख्या सम्बन्धी तथ्याँक संकलन गरिएको छ । उक्त बचत तथा ऋण सहकारी संस्थाहरुबाट प्राप्त तथ्यांक अनुसार सहकारी मार्फत कोरोनाबाट प्रभावित व्यवसायका लागि प्रदान गरिएको सहुलियत प्राप्त नभएकोले सहकारी क्षेत्रको उत्पादनमुखी कर्जा लगानीमा नकारात्मक प्रभाव पारेको छ। त्यसैगरी सहकारी क्षेत्रको नियमित अनुगमनको कमिका कारण केहि सहकारीका संन्चालकहरु सहकारी सदस्यहरुको बचत समेत दुरुपयोग गरी फरार हुने परीपाटी बृद्धि भई नियमसंगत रुपमा चलेका सहकारीमा समेत यसको नकारात्मक प्रभाव परेको देखिन्छ।

तर कतिपय सहकारीले कोभिड १९ को असहज परिस्थीतीमा समेत साधन स्रोतको व्यवस्थापन गरी आम सदस्यहरुमा सहयोग गरेकोले सहकारीमा सर्वसाधारणको आर्कषण बृद्धि भई सहकारीको सदस्य संख्यामा बृद्धि भएको


छ। सहकारी संस्थाहरु बिच सदस्य बढाउने अस्वस्थ प्रतिस्पर्धा र अन्तर सहकारी समन्वयको अभावले एउटै ब्यक्ति बिभिन्न सहकारीमा सदस्य हुने र धेरैबाट ऋण उपयोग गर्ने प्रवृति बढेको छ। यसबाट ऋण असुलीमा समस्या उत्पन्न भएको छ। सहकारी क्षेत्रमा दोहोरो सदस्यता तथा सुशासनको लागि एउटा वडामा एउटा भन्दा बढी सहकारी भए एकआपसमा एकिकरण गर्नका लागि आवश्यकता अनुसार पहल गर्नु पर्ने बारेमा सोच्नुपर्ने देखिन्छ।

### ५.४.१ पुँजी, बचत परिचालन तथा ऋण प्रवाह :

**कुल पुँजी:** नमुना छनौटमा परेका बचत तथा ऋण सहकारी संस्थाहरुबाट प्राप्त तथ्याँक अनुसार उक्त सहकारी संस्थाहरुमा आ.ब. २०७४/७५ असार मसान्त देखि आ.ब. २०७७/७८ असार मसान्तसम्ममा कुल पुँजी निरन्तर बृद्धि भई रु. २ अर्ब ६३ करोड २६ लाख पुगेको छ भने आ.ब. २०७८/७९ पुष मसान्तमा ५.६५ प्रतिशतले वृद्धि भई रु.२ अर्ब ७८ करोड १२ लाख पुगेको छ। आ.ब. २०७४/७५ असार मसान्तमा कुल पूंजी रु. ६९ करोड २० लाख रहेको थियो। (चार्ट ५.६)।

**बचत परिचालन:** नमुना छनौटमा परेका बचत तथा ऋण सहकारी संस्थाहरुबाट प्राप्त तथ्याँक अनुसार आ.ब. २०७४/७५ असार मसान्त देखि आ.ब. २०७७/७८ असार मसान्तसम्ममा बचत परिचालन निरन्तर बृद्धि भई रु. ८ अर्ब ३ करोड ९ लाख पुगेको छ भने आ.ब. २०७८/७९ पुष मसान्तमा ७.७८ प्रतिशतले वृद्धि भई रु.८ अर्ब ६५ करोड ५९ लाख पुगेको छ। आ.ब. २०७४/७५ असार मसान्तमा बचत परिचालन रु. ३ अर्ब ७५ लाख रहेको थियो। (चार्ट ५.६)।

**कुल ऋण प्रवाह :** त्यसैगरी नमुना छनौटमा परेका बचत तथा ऋण सहकारी संस्थाहरुबाट प्राप्त तथ्याँक अनुसार आ.ब. २०७४/७५ असार मसान्त देखि आ.ब. २०७७/७८ असार मसान्तसम्ममा कुल ऋण प्रवाह निरन्तर बृद्धिभई रु. ७ अर्ब ५५ करोड ६७ लाख पुगेको छ भने आ.ब. २०७८/७९ पुष मसान्त सम्ममा सो ऋण प्रवाहमा २०.७८ प्रतिशतले वृद्धि भई रु.९ अर्ब १२ करोड ६७ लाख पुगेको छ। आ.ब. २०७४/७५ असार मसान्तमा कुल ऋण प्रवाह रु. ३ अर्ब १८ करोड ७४ लाख रहेको थियो (चार्ट ५.६)।




*स्रोत: छनौट गरिएका बचत तथा ऋण सहकारी संस्थाहरु।*

### ५.४.२ सदस्य तथा कर्मचारी संख्या :

**सदस्य:** नमुना छनौटमा परेका बचत तथा ऋण सहकारी संस्थाहरुबाट प्राप्त तथ्याङ्क अनुसार आ.ब. २०७४/७५ असार मसान्त देखि आ.ब. २०७७/७८ असार मसान्तसम्ममा सहकारीहरुको सदस्य संख्या निरन्तर बढेर ७१ हजार ७ सय १७ पुगेको छ भने आ.ब. २०७८/७९ पुष मसान्तमा १५.२६ प्रतिशतले वृद्धि भई ८२ हजार ६ सय ६२ पुगेको छ । आ.ब. २०७४/७५ असार मसान्तमा सदस्य संख्या ३१ हजार २ सय १९ रहेको थियो । ( तालिका ५.३) ।

| तालिका ५.३: बचत तथा ऋण सहकारी संस्थाहरुमा सदस्य तथा कर्मचारी संख्याको अवस्था | | |
|---|---|---|
| **आ.ब.** | **सदस्य संख्या** | **कर्मचारी संख्या** |
| २०७३/७४ असार मसान्त | ३१२१९ | ८३ |
| २०७४/७५ असार मसान्त | ३६६९६ | ८८ |
| २०७५/७६ असार मसान्त | ४६८११ | १२८ |
| २०७६/७७ असार मसान्त | ५७१३२ | १५० |
| २०७७/७८ असार मसान्त | ७१७१७ | १९२ |
| २०७८/७९ पुष मसान्त | ८२६६२ | २१० |
| *स्रोत:_नमुना छनौट गरिएका बचत तथा ऋण सहकारी संस्थाहरु* | | |

**कर्मचारी संख्या:** नमुना छनौटमा परेका बचत तथा ऋण सहकारी संस्थाहरुबाट प्राप्त तथ्याङ्क अनुसार आ.ब. २०७४/७५ असार मसान्तदेखि आ.ब. २०७७/७८ असार मसान्तसम्ममा कर्मचारी संख्या बृद्धि भई १ सय ९२ पुगेको छ भने आ.ब.२०७८/७९ पुष मसान्तमा ९.३७ प्रतिशतले वृद्धि भई २ सय १० पुगेको छ । आ.ब. २०७४/७५ असार मसान्तमा कर्मचारी संख्या ८३ रहेको थियो । सो बाट सहकारी संस्थाहरुको कारोवार एवं कर्मचारी संख्या निरन्तर बढेको देखिन्छ (तालिका ५.३) ।

### ५.५ यातायात :

अध्ययनमा समेटिएका डिभिजन सडक कार्यालहरुबाट प्राप्त तथ्याङ्क अनुसार समीक्षा अवधिमा लुम्बिनी प्रदेशमा कुल सवारी साधनको संख्या गत वर्षको सोही अवधिको तुलनामा ९.८६ प्रतिशतले वृद्धि भई १० लाख २२ हजार ४०५ पुगेको छ । यसमध्ये मोटरसाईकल संख्या ११.२ प्रतिशतले वृद्धि भई ८ लाख ४३ हजार ६०१ पुगेको छ भने अन्य सवारीसाधन संख्या ३.९ प्रतिशतले वृद्धि भई १ लाख ७८ हजार ८०४ पुगेको छ (तालिका ५.४)।

| तलिका ५.४: यातायात साधनको अवस्था (प्रतिशत परिवर्तन) | | |
|---|---|---|
| **यातायात साधनको विवरण** | गत अवधि | समीक्षा अवधि |
| यातायातका साधनको कुल संख्या | १३.०८ | ९.८६ |
| मोटरसाईकल | १५.११ | ११.२० |
| अन्य | ४.९१ | ३.९४ |
| *स्रोत: अध्ययनमा समेटिएका डिभिजन सडक कार्यालहरु ।* | | |

### ५.६ फण्ड ट्रान्सफर :

लुम्बिनी प्रदेश अन्तर्गत नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालय र नेपालगञ्ज कार्यालयको १० वटा जिल्लाहरुमा रहेको नोटकोषहरुमा आर्थिक वर्ष २०७८/७९ पुष मसान्तसम्ममा फण्ड ट्रान्सफर गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १.६ प्रतिशतले वृद्धि भई रु.९ अर्ब २५ करोड रुपैया पुगेको छ (तालिका ५.५)।

| तालिका ५.५: परिवर्त्य विदेशी मुद्रा खरिद विवरण (प्रतिशत परिवर्तन) | | |
|---|---|---|
| **विवरण** | गत अवधि | समीक्षा अवधि |
| US$ | - ६.०९ | - ६०.०९ |
| Euro | १३.३४ | - ७९.११ |
| अन्य | - १६.५२ | - ६९.८५ |
| **जम्मा** | - ८.९३ | - ६७.५७ |
| श्रोत: नेपाल राष्ट्र बैंक । | | |

### ५.७ विदेशी विनिमय :


आर्थिक वर्ष २०७८/७९ पुष मसान्तसम्म लुम्बिनी प्रदेश अर्न्तगत नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयबाट नवलपरासी, रुपन्देही र कपिलवस्तु जिल्लाहरुमा ५६ वटा र नेपालगञ्ज कार्यालयबाट बाँके र बर्दिया जिल्लाहरुमा १७ वटा गरी जम्मा ७३ वटा इजाजतपत्रप्राप्त मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सीहरुले विदेशी मुद्रा सटहीको अनुमति प्राप्त गरेका छन् । जसमध्ये ५९ मनिचेञ्जर, ९ होटल/रिसोर्ट, १ ट्राभल एजेन्सी, १ ट्रेकिङ एजेन्सी तथा २ अन्य रहेका छन् । कोभिड-१९ (पहिलो र दोश्रो) लहर अवधिभर विदेशी मुद्रा खरिद नभएको तर कोभिड-१९ तेस्रो लहर त्यति घातक नरहनुको साथै प्रभाव कम हुदै गए पश्चात विदेशी मुद्रा खरिद कार्यमा निरन्तरता भएको कारण समिक्षा अवधिमा परिवर्त्य विदेशी मुद्रा खरिद कार्य गत अवधिको तुलनामा ६७.५७ प्रतिशतले ह्रास भई कुल रु.१५ करोड ७५ लाख खरिद भएको छ । खरिद गरिएको परिवर्त्य विदेशी मुद्रा मध्ये अमेरिकी डलरमा ६०.०९ प्रतिशत, युरो ७९.११ प्रतिशत र अन्य विदेशी मुद्रा ६९.८५ प्रतिशतले ह्रास आएको छ (तालिका ४.६) ।

### ५.८ भारतीय मुद्रा खरिद/बिक्री :

नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालयबाट कोभिड-१९ संक्रमण जोखिमको व्यवस्थापन र बैंकको सेवा सुचारु राख्ने कार्ययोजना, २०७७ बमोजिम दोश्रो लहर अवधिभर भारतीय मुद्रा खरिद विक्री कार्य स्थगन गरिएको थियो । हाल कोभिड-१९ तेस्रो लहरको प्रभाव कम हुँदै गए पश्चात भारतीय मुद्रा खरिद विक्री कार्य निरन्तर भएतापनि भारतीय मूद्रामा समेत भुक्तानी हुने गरी बैंक तथा वित्तीय संस्थाहरुबाट ए.टि.एम., क्रेडिट कार्ड, क्यू.आर.कोड लगायत अन्य सहज र सुरक्षित विद्युतीय भुक्तानी सेवाहरु उपलब्ध भएको कारण भारतीय मुद्राको विक्री कार्य संकुचन गरिएको छ । समिक्षा अवधिमा भारतीय मूद्रा खरिद गत अवधिको तुलनामा ७.३६ प्रतिशतले ह्रास भई कुल ६० लाख बराबर खरिद भएको छ भने बिक्री ३.९३ प्रतिशतले ह्रास भई रु.४ करोड २८ लाख बराबरको भारतीय मुद्रा विक्री भएको छ । यसैगरी, समीक्षा अवधिमा केन्द्रीय कार्यालय तथा अन्य कार्यालयमा भारतीय मुद्रा प्रेषित गरिएको छैन ।

### ५.९ सेवा क्षेत्र कर्जा :

समीक्षा अवधिमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा ९.३४ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ९१ अर्व २२ करोड ७८ लाख पुगेको छ । कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ३५.६० प्रतिशत रहेको छ भने कुल सेवा कर्जामध्ये यातायात, भण्डारण र संचार  क्षेत्रको ६.२१ प्रतिशत, थोक तथा खुद्रा विक्रेता क्षेत्रको ६९.५४ प्रतिशत, वित्त, बीमा तथा अचल सम्पत्ति क्षेत्रको ७.९६ प्रतिशत, पर्यटन क्षेत्रको १०.९२ प्रतिशत र अन्य सेवाको ५.३७ प्रतिशत हिस्सा रहेको छ मा प्रवाहित कर्जाको अंश १०.१४ प्रतिशत रहेको छ (चार्ट ५.७)।




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

यस प्रदेशमा प्रवाहित कुल सेवा क्षेत्र कर्जामा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा धेरै ५१.७४ प्रतिशत छ भने रुकुमपूर्व जिल्लाको हिस्सा सबैभन्दा कम ०.०५ प्रतिशत रहेको छ । यसैगरी, सेवा क्षेत्र कर्जामा बाँकेको १८.२३ प्रतिशत, दाङको १०.६० प्रतिशत, नवलपरासी पश्चिमको ६.८८ प्रतिशत, कपिलबस्तुको ३.८३ प्रतिशत, बर्दियाको ३.२३ प्रतिशत, पाल्पाको १.८६ प्रतिशत, गुल्मीको १.३३ प्रतिशत, प्यूठानको १.१३ प्रतिशत, अर्घाखाँचीको ०.६० प्रतिशत र रोल्पाको ०.५१ प्रतिशत योगदान रहेको छ (तालिका ५.६)।

**तालिका ५.६: जिल्लागत सेवा क्षेत्र कर्जाको अवस्था**

| **जिल्ला** | कर्जा (दश लाखमा) | अंश(प्रतिशतमा) |
|---|---|---|
| रुकुम पूर्व | ९९.२२ | ०.०५ |
| रोल्पा | ९७०.५८ | ०.५१ |
| प्यूठान | २१६४.४३ | १.१३ |
| गुल्मी | २५३८.०४ | १.३३ |
| अर्घाखाँची | ११५६.०६ | ०.६० |
| पाल्पा | ३५४८.२२ | १.८६ |
| नवलपरासी (पश्चिम) | १३१६०.८८ | ६.८८ |
| **रुपन्देही** | ९८९४९.४१ | ५१.७४ |
| कपिलबस्तु | ७३२३.१० | ३.८३ |
| दाङ्ग | २०२७७.३८ | १०.६० |
| बाँके | ३४८६९.०४ | १८.२३ |
| बर्दिया | ६१७१.५१ | ३.२३ |
| **लुम्बिनी प्रदेश** | १९१२२७.८७ | १००.०० |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

## ५.१०.सेवा क्षेत्रको सम्भावना र चुनौतीहरु :

### सम्भावनाहरु

- लुम्बिनी प्रदेशमा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको सफल परिक्षण उडान, बुद्धकालीन तथा अन्य धार्मिक तथा ऐतिहासिक पर्यटकीय स्थल रहनु, थप पर्यटक स्तरीय होटल, रेष्टुरेण्ट र होमस्टेहरु निर्माणधीन अवस्थामा रहनु, कोभिड-१९ को प्रभाव कम हुदै गएको र बजेट तथा मौद्रिक नीति मार्फत करमा सहुलियत, पुनरकर्जा र कर्जा पुर्नतालिकीकरण लगायतका सुविधाहरु सम्बोधन गरिएको, एवं आ.ब.२०७८/७९ पुष मसान्तमा आ.ब.२०७७/७८ असार मसान्तको तुलनामा नमुना छनौटमा परेका होटलहरुको अकुपेन्सी दर र रोजगारी क्रमशः १२८ प्रतिशत र ५३ प्रतिशतले वृद्धि भएको कारण पर्यटन विकासको प्रचूर सम्भावना रहेको छ ।
- नमुना छनौटमा परेका बचत तथा ऋण सहकारी संस्थाहरुको पुँजी, बचत परिचालन, ऋण प्रर्वाह, सदस्य संख्या र कर्मचारी संख्या समेत वृद्धि भएको देखिन्छ । तसर्थः सहकारी क्षेत्रको नियमित अनुगमन, संस्थागत सुशासनमा थप सुधार एवं बचत तथा ऋण सहकारी संस्थाहरुको पनि मर्जर तथा एक्वीजिसन गर्न सके सहकारी क्षेत्रको व्यवस्थित विकास हुने देखिन्छ ।
- कोभिड-१९ को तेस्रो लहर प्रभाव कम भएसंगै यस प्रदेशमा रियलस्टेट कारोबारले गति लिएको कारण घरजग्गा कारोबार बढ्ने तथा रजिष्ट्रेशन राजश्वसमेतमा वृद्धि हुने सम्भावना रहेको छ ।
- आ.व.२०७७/७८ असार सम्म यस प्रदेशका १०९ वटा स्थानीय तहहरुमा रहेका बाणिज्य बैंक तथा अन्य वित्तीय संस्थाहरु मार्फत प्रवाहित सहुलियत कर्जाको विभिन्न शीर्षकहरु मध्ये व्यवसायिक कृषि कर्जा र महिला उद्यमशील कर्जाको हिस्सा ९८ प्रतिशत रहेको छ । अतः यस प्रदेशमा कृषि तथा महिला उद्यमसंग सम्बन्धित व्यवसायहरु बढीरहेकोले घरेलु तथा लघु उद्यमहरु बढ्ने एवं यस्ता कर्जाहरुको माध्यमबाट वित्तीय साक्षरता, वित्तीय समावेशिता तथा वित्तीय पहुँचलगायत अन्य आर्थिक सूचकाङ्कहरु समेत अनुकूल रहने देखिन्छ ।

### चुनौतीहरुः

- यस प्रदेशमा निर्मामाणधीन पर्यटकीय होटलहरुको निर्माण सम्पन्न गर्ने कार्य, बुद्धकालीन तथा अन्य धार्मिक तथा ऐतिहासिक पर्यटकीय स्थलसम्म सहज रुपमा पुग्न बाटोको निर्माण तथा स्तरोन्नती गर्ने कार्य, सुलभ र सुविधा सम्पन्न यातायात सञ्चालन गर्ने तथा अन्य पर्यटन पूर्वाधारहरुमा पर्याप्त लगानी विस्तार गरी सञ्चालनमा ल्याउन चुनौती रहेको छ ।

- यस प्रदेशको बाँके, नवलपरासी, रुपन्देही, दाङ र बर्दिया जिल्लाहरुमा कर्जा/निक्षेप अनुपात उच्च रहेको देखिन्छ, सो लाई सन्तुलनमा ल्याउने एवं रुकुमपूर्व, रोल्पा, प्यूठान, गुल्मी, अर्घाखाँची र पाल्पा लगायतका जिल्लाहरुमा उक्त अनुपात तोकेको विन्दुमा पुऱ्याउने कार्य चुनौतीपूर्ण रहेको छ ।
- सहकारी संस्थाहरुको पुँजी, बचत परिचालन, ऋण प्रवाह, सदस्य संख्या र कर्मचारी संख्या समेत वृद्धि भएको भएता पनि भाखा नाघेको ऋण बढेको, बचत गर्ने प्रवृतिमा प्रतिकूल प्रभाव परेको, अनुत्पादक क्षेत्रमा ऋण प्रवाह आदीको कारण सहकारी सिद्धान्त बमोजिम व्यवस्थापन गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।
- यस प्रदेशका सबै स्थानीय तहहरुमा बाणिज्य बैंकहरुको शाखा विस्तार भएको भएतापनि पहाडी तथा ग्रार्मीण क्षेत्रका सर्वसाधारणहरुमा अझै पनि वित्तीय साक्षरता र वित्तीय सचेतना कमी रहेकोले बैकिड सेवा प्रवाह बढाउने कार्य चुनौतीपूर्ण रहेको छ ।
- यस प्रदेशमा बैक तथा वित्तिय संस्थाको उल्लेखनिय उपसिथिती रहेतापनि कतिपय जिल्लाहरुमा बैकिड सेवा एवं डिजीटल बैंकिडका प्रविधिहरु प्रयोगमा अझै पछाडी रहेकोले सो मा वृद्धि तथा विकास गर्नु चुनौतीपूर्ण रहेको छ ।
- यस प्रदेशका बैंक तथा अन्य वित्तीय संस्थाहरु मार्फत प्रवाहित सहुलियतपूर्ण कर्जाको लगानी, उपयोगिता एवं सदुपयोगिता सम्बन्धमा धेरै जनगुनासोहरु आएकोले सो लाई व्यवस्थित एवं वास्तविक ऋणीहरुको पहूँचमा पुऱ्याउनु चुनौती रहेको छ ।
- यस प्रदेशको घरजग्गा रजिष्ट्रेशन राजश्वमा रुकुमपूर्व, बाँके, दाङ, कपिलबस्तु, नवलपरासी, बर्दिया लगायत अन्य जिल्लाहरुको योगदान कम देखिएकोले सोको कारण पहिचान र आवश्यक व्यवस्थापन गर्नु चुनौतीपूर्ण रहेको छ ।
- यस प्रदेशको कुल सेवा कर्जामध्ये पर्यटन क्षेत्रको १०.९२ प्रतिशत हिस्सा मात्र रहेको छ । अतः पर्यटन पूर्वाधार क्षेत्रको विकासका लागि लगानी बढाउने कार्य चुनौतीपूर्ण रहेको छ ।

## परिच्छेद ६

# पूर्वाधार र रोजगारी

### ६.१ पूर्वाधार क्षेत्र :

लुम्बिनी प्रदेशमा पूर्वाधारसँग सम्बन्धित राष्ट्रिय गौरवका आयोजना, निजि क्षेत्रका आयोजना तथा केन्द्रीयस्तरका आयोजनाहरु मध्ये नमुना छनौटमा परेका ५ वटा आयोजनाहरुको भौतिक तथा वित्तीय प्रगति, आसपासका क्षेत्रमा पारेको प्रभाव र समस्या तथा चुनौतीहरुको संक्षिप्त जानकारी देहाय बमोजिम समावेश गरिएको छ ।

### ६.१.१ बबई सिँचाई आयोजना

बर्दिया जिल्लाको ३६००० हेक्टर कृषियोग्य जमिनमा बाह्रै महिना सिँचाई सुविधा पुऱ्याई कृषि उत्पादन, उत्पादकत्व तथा रोजगारी बृद्धि मार्फत् कृषकहरुको जीवनस्तर उकासी आत्मनिर्भर बनाउने उद्देश्य लिएको यो आयोजनाको निर्माण कार्य मिति २०४४/४/५ गते शुरु भएको हो । संशोधित कुल बजेट रु.१८ अर्व ९६ करोड ३० लाख रहेको यो आयोजनाको २०७८ पुस मसान्तसम्म ५७.३७ प्रतिशत भौतिक प्रगति भएको छ । आयोजनाले २०७८ पुस मसान्तसम्म १० अर्व १८ करोड १२ लाख खर्च गरी कुल ५३.६९ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ । चालु आर्थिक वर्षमा आयोजनाका लागि रु १३४.३९ करोड बजेट बिनियोजन भएकोमा रु.२५.९७ करोड खर्च भई १९.३३ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ ।

**समस्या तथा चुनौतीहरु:**

- निर्माण शुरुवात भएको वर्षौ भईसक्दा पनि आयोजना सम्पन्न हुन नसक्नुले र सो को सफलता, त्यसको प्रभावकारीता एवं आईपर्ने अन्य समस्याहरु ।
- वर्षमा सात महिना नहरमा पानी संचालन गर्नुपर्ने भएकोले बाँकी पाँच महिनामा नहर निर्माण कार्यको निरन्तरता गर्न र वार्षिक लक्ष्य अनुसार प्रगति हासिल गर्ने कार्य ।
- सामाजिक तथा प्रकृयागत जटिलताले मुअब्जा दर निर्धारणमा कठिनाइका कारण अझैपनि जग्गा प्राप्त गर्ने कार्यमा चुनौती रहेको ।
- राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र आयोजना परेको र आवागमनमा अवरोधात्मक बन्देज रहेको कारण आवश्यक जनशक्ति, मेशिनरी उपकरण र निर्माण सामाग्रीको सहज ढुवानी गर्ने कार्यमा चुनौती ।
- नदीजन्य निर्माण सामाग्रीको अभाव रहेको कारण ढुङ्गा, गिट्टी र बालुवा जस्ता निर्माण सामाग्रीको सहज उपलब्ध गराउने कार्य ।
- विजुली, इन्टरनेट, टेलिफोन, सवारी तथा अन्य आवश्यक स्रोत साधनहरु सहजै उपलब्ध नभएको कारण प्रशासनिक काममा सहजीकरण गर्ने कार्य ।
- बर्दिया जिल्लाको विभिन्न भागमा बाढी, भुक्षय, डुवान र कटान जस्ता समस्याका कारण झरनको पानी निकास गर्ने कार्य ।

**आसपासको क्षेत्रमा पारेको प्रभाव:**

- हजारौ कृषकहरुको जमिनमा सिंचाई सुविधा उपलब्ध भई कृषि उत्पादकत्व र उत्पादनमा बृद्धि भएको एवं सोको कारणले पहाडी जिल्लामा खाद्यान्न आपूर्तिमा टेवा पुगेको ।
- कृषकहरको रोजगारी र आय आर्जनमा बृद्धि भएको ।
- यस क्षेत्रका युवा जनशक्तिलाई व्यवसायिक कृषि क्षेत्र र पूर्वाधार निर्माणमा सदुपयोग गर्न सकिएको ।
- सुख्खाग्रस्त भूमीमा जलभण्डारमा वृद्धि भएको ।
- खेतीयोग्य जमिन कटान हुनबाट जोगिएको ।

### ६.१.२ बुटवल ग्रीड जडित सौर्य विद्युत् आयोजना

नवीकरणीय ऊर्जा उत्पादन र विकास गर्ने उद्देश्यले रिडी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड वि.सं.२०५७ सालमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा स्थापना भएको एंव २०६५ सालमा सो लाई पव्लिक कम्पनीमा परिणत गरिएको छ । यस आयोजनाको निर्माण कार्य मिति २०७६ असोज महिनाबाट शुरु भई २०७७ कात्तिक महिनामा सम्पन्न भएको छ र आयोजना निर्माण गर्न रु.७१.८ कारोड खर्च भएको छ ।

यो कम्पनीले रुपन्देही जिल्लाको तिलोत्तमा नगरपालिका वडा नं. ६ मा अवस्थित श्री शान्ति नमुना माध्यमिक विद्यालयको स्वामित्वमा रहेको २६ विगाहा जमिन ३० वर्षका लागि भाडामा लिई ८,५०० किलोवाट क्षमताको बुटवल सौर्य आयोजना निर्माण गरी मिति २०७७ साल कार्तिक १५ गतेबाट व्यवसायिक उत्पादन गर्दै आएको छ । यस आयोजनाबाट उत्पादन भएको विद्युत् उर्जा नेपाल विद्युत् प्राधिकरणको ३३ के.भि अमुवा स्टेशन मार्फ जडान भई राष्ट्रिय ग्रीड प्रणालीमा आवद्ध भएको छ । यस आयोजनाबाट उत्पादन हुने विद्युत् विक्रीको लागि रिडी हाइड्रो पावर कम्पनी र नेपाल विद्युत् प्राधिकरण बीच २५ वर्षका लागि विद्युत् खरिद विक्री सम्झौता भएको छ । उपरोक्त सम्झौतामा वार्षिक १,४५,१०,५८४ युनिट विद्युत् प्रति युनिट रु.७.३० को स्थीर खरिद दर तोकिएको छ । साथै यो कम्पनीले पहिलो आयोजनाको रुपमा साना जलविद्युत् आयोजना निर्माणस्वरुप गुल्मी तथा पाल्पा जिल्लाहरुको सीमाना भई बग्ने रिडीखोलामा २४०० किलोवाट क्षमताको रिडीखोला साना जलविद्युत् आयोजनाको निर्माण सम्पन्न गरी मिति २०६६ साल कात्तिक १० गते देखि राष्ट्रिय ग्रीड प्रणालीमा विद्युत् आपूर्ति गरिरहेको छ ।

**आयोजनाका समस्याहरुः**

- यस्ता प्रकृतिका आयोजनाहरुमा दीर्घकालिन नीतिको अभाव
- सरकारबाट Viability Gap Fund को व्यवस्था नभएको,
- आयोजनाको निर्माण कार्य भन्दा अनुमति प्रक्रिया लामो भएकोले सौर्य उपकरण खरिद एवं प्राप्तिमा समस्या भएको ।
- दीर्घकालीन प्रकृतिका आयोजनाहरुको लागि बैंक व्याज दरमा दीर्घकालीन एकरुपता नभएकोले लागतमा आउने समस्या ।

**अवसर तथा सम्भावनाहरुः**

- आयोजनाको कच्चा पदार्थ सौर्य विकिरण निःशुल्क उपलब्ध भएको । सौर्य विकिरण नेपालमा औसत ३०० दिन उपलब्ध हुने ।
- अन्य देशको तुलनामा नेपालमा उपलब्ध सौर्य विकिरण सौर्य विद्युत् आयोजन निर्माणको लागि अत्युत्तम मानिएको ।
- जल विद्युत् आयोजनाबाट कम विद्युत् उत्पादन हुने सुख्खा समयमा सौय आयोजनाबाट अधिक उत्पादन हुने हुँदा विद्युत् उत्पादनको लागि एक अर्काको सहयोगी रहेको ।
- विद्युत्का सवस्टेशन नजिकमै रहेर उत्पादन गर्न सकिने भएकोल ग्रीड लस न्यून रहने,
- सौर्य आयोजनाका साथै कृषि कार्य पनि गर्न सकिने,
- छोटो समयमा विद्युत् उत्पादन गरी विद्युत् संकट न्यून गर्न सकिने ,
- खाली तथा बाँझो जग्गा उपयोग गरी २ विगाह जग्गाबाट वार्षिक सवा करोड बराबरको आम्दानी विद्युत् विक्रीबाट प्राप्त गर्न सकिने र कृषि उपजबाट समेत थप रकम आम्दानी लिन सकिने ।

**आसपासका क्षेत्रमा पारेको प्रभावहरुः**

- स्थानीय बजारमा आर्थिक गतिविधि विस्तार हुने ।
- स्थानीय स्तरमा दीर्घकालीन रोजगारीका अवसरहरको सिर्जना हुने,
- वातावरणमैत्री आयोजना भएकोले वातावरणमा नकारात्मक प्रभाव न्यून हुने ।
- सौर्यविद्युत् उत्पादन भएकै स्थानको वरिपरिको क्षेत्रमा विद्युत् खपत हुने भएको हुँदा स्थानीय उपभोक्ताहरुले न्यून भोल्टेजको समस्या भोग्नु नपर्ने ।

### ६.१.३ गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजना

रुपन्देही जिल्लाको सिद्धार्थनगर नगरपलिकामा अवस्थित करिव ६० वर्षको आन्तरिक विमानस्थल सञ्चालनको इतिहास बोकेको गौतमबुद्ध विमानस्थलको स्तरोउन्नत्ती गरी गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा सञ्चालनमा आउने भएको छ । १५०० मि.लम्बाई र ३० मि.चौडाईको धावनमार्ग, ४ वटा आन्तरिक उडान गर्ने जहाज पार्हिङ्ग स्थल, सानो आन्तरिक टर्मिनल भवनमा सञ्चालित विमानस्थलमा ICAO Code B/C का जहाजहरु जस्तै, ATR 72-500, CRJ-700 उडान अवतरण गर्ने गर्दछन् । यो विमानस्थल UNESCO को विश्व सम्पदा सूचीमा समावेश भगवान गौतम बुद्धको जन्मभूमि लुम्बिनीबाट करिब २४ कि.मि.को दुरीमा रहेको छ । भगवान गौतम बुद्धको जन्मभूमिलाई विश्वभर चिनाउने, विश्वका बौद्ध धर्मावलम्बीहरु एवम् अन्य पर्यटकहरुलाई लुम्बिनी भ्रमणमा प्रत्यक्ष सहयोग पुग्ने, धार्मिक पर्यटकको माध्यमबाट समृद्ध राष्ट्र निर्माण गर्ने, रोजगारी सिर्जना गर्ने र देशको एकमात्र चालु त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको वैकल्पिक विमानस्थलको रुपमा समेत हुने भएको कारण यस विमानस्थलको अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा स्तारोन्नती गर्ने कार्य अगाडी बढाइएको हो । यस आयोजनाको कुल बजेट रु.६८२ करोड (संशोधित) रहेको छ । यस आयोजनाको २०७८ पुस मसान्तसम्म ९९.५ प्रतिशत भौतिक र ७८ प्रतिशत वित्तीय प्रगति रहेको र २०७८ माघ महिनामा सफल परिक्षण उडान (Calibration Flight) समेत सम्पन्न भएको छ ।

**बक्सः २ गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थलको व्यवसायिक संचालन**

गौतम बुद्ध अर्न्तराष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय सिद्धार्थनगर, रुपन्देहीबाट प्राप्त जानकारी अनुसार यो विमानस्थलबाट २०७८ माघ महिनामा सफल परिक्षण उडान सम्पन्न गरी २०७९ जेठ २ गतेबाट व्यावसायिक अर्न्तराष्ट्रिय उडान प्रारम्भ गरिएको छ । प्रतिदिन २५ देखि ३० वटा आन्तरिक र ५ देखि १० बटा अन्तराष्ट्रिय उडान गर्न सकिने, कुल पाँच सय यात्रीलाई राख्न तथा ओहोरदोहोर गर्न सक्ने यस बिमानस्थलको क्षमता रहेकामा हाल दैनिक १५० दखि २०० जना यात्रीको आवतजावत भइरहेको छ । अर्न्तराष्ट्रिय व्यवसायिक उडान अर्न्तगत २०७९ जेठ १६ गते सम्म कुवेत-भैरहवा-कुवेत सेक्टर अर्न्तगत कुल १२४४ जना यात्रीमध्ये ४७९ जना नेपाल भित्रिएका छन् भने ७६५ जना नेपालवाट बाहिर गएको देखिन्छ ।

आधिकारिक रुपमा हाल कुवेतको जजिरा विमानले मात्र अन्तराष्ट्रिय उडानका लागि अनुमति प्राप्त गरी तत्काल हप्तामा तीनवटा उडान कार्य सञ्चालन गरिरहेको छ । विमानस्थल नागरिक उड्डयन कार्यालय सिद्धार्थनगरबाट प्राप्त जानकारी अनुसार यस विमानस्थलमा जंगली जनावर तथा चराचुरुङ्गीहरुको जोखिम हुनु, श्रमस्विकृति तथा स्वास्थ्य परीक्षणको व्यावस्था नहुनु, विद्युत आपूर्ति नियमित नहुनु तथा फोहोरमैला तथा जल निकासी व्यवस्थापन व्यवस्थित नहुनु लगायतका समस्याहरु रहेका छन् । नेपाल सरकारले ल्याएको आर्थिक वर्ष २०७९/८० बजेट बक्तव्य मार्फत गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल पूर्ण रुपमा सञ्चालनमा ल्याइने तथा हवाई तथा यात्रु चापको विश्लेषणको आधारमा दोस्रो टर्मिनल भवन निर्माण कार्य अगाडी बढाइने घोषणा गरेको छ ।

**आर्थिक वर्ष २०७८/७९ पुस मसान्तसम्म सम्पन्न भएका प्रमुख कार्यहरुः**

- धावन मार्ग, ट्याक्सी वे, जहाज पार्किङ्ग क्षेत्र (एप्रोन)को निर्माण कार्य सम्पन्न भई विद्युतीय काम समेत सम्पन्न ।
- प्रशासकिय भवन, कन्ट्रोल टावरको निर्माण कार्य सम्पन्न भई विद्युतिय कार्य समेत सम्पन्न भएको ।
- अन्तर्राष्ट्रिय टर्मिनल भवनमा फिनिसिङ्ग तथा Equipment Installation Work समेत सम्पन्न भएको ।
- ड्रेनेज, फेन्सिङ्ग, पानी ट्याङ्की, कार पार्किङ्ग, फायर विल्डिङ्ग, पेरिमिटर रोडको कार्य सम्पन्न भएको ।
- सञ्चार उपकरणहरुको जडान कार्य सम्पन्न भएको ।
- Calibration Flight का लागि अन्तिम तयारी हुँदै ।

### आयोजनाका प्रमुख समस्याहरुः

- निर्माणको चरणमा कोभिड-१९ का कारण सरकार द्वारा जारी निशेधाज्ञाका कारण अन्तर्राष्ट्रिय उडान बन्द हुँदा विदेशी दक्ष जनशक्ति तथा विभिन्न देशबाट उपकरणहरु समयमा ल्याउन नसकिएको साथै स्थानीयस्तरमा समेत जनशक्ति व्यवस्थापनमा समस्या परेको कारणले आयोजना सम्पन्नतामा ढिलाई भएको ।
- उच्च लगानीका बावजूद विमानस्थल पूर्ण क्षमतामा संचालन हुन सक्ने अवस्था र लगानी वमोजिमको प्रतिफल प्राप्त हुन सक्ने संभावनामा चुनौती ।
- आयोजना निर्माणको प्रारम्भिक चरणमा मुख्य निर्माण कम्पनी तथा सहायक निर्माण कम्पनी बीचको विवाद र त्यसले पारेको नकारात्मक प्रभाव ।

### ६.१.४ सिक्टा सिँचाई आयोजना

बाँके जिल्लामा अवस्थित सिक्टा सिँचाई आयोजना आर्थिक वर्ष:२०६१/६२ बाट सञ्चालनमा रहेको छ । कुल ४२७६६ हेक्टर जमिनमा सिंचाइ गर्ने क्षमता रहेको यो आयोजनाको कुल लागत २५ अर्व ०२ करोड रहेको भने आर्थिक वर्ष २०७८/७९ को पुस मसान्तसम्म यस आयोजनाले ६८.५७ प्रतिशत भौतिक प्रगति र ७२.१० प्रतिशत वित्तीय प्रगति हाशिल गरेको छ ।

### आयोजनाका मुख्य समस्याहरुः

- परियोजनालाई आवश्यक जग्गा सहजरुपमा अधिग्रहण गर्न नसक्नु ।
- ठेक्काहरु समयमा सम्पन्न हुन नसक्नु र कम रकममा ठेक्का स्वीकार गर्नु तर निर्माण कार्यमा तोकिएवमोजिम सम्पन्न गर्न नसक्नु पनि यस परियोजना समस्या रहेको छ ।
- यो आयोजना राष्ट्रिय निकुञ्ज भित्र रहेको कारण निर्माण सामाग्रीको अभाव र वन्यजन्तुको त्रास रहिरहनु ।
- परियोजना स्थलको माटो घुलनसिल प्रकृतिको रहनु साथै जनशक्ति लगायत अन्य स्रोत साधनको सहज आपूर्ति हुन नसक्नु ।

### ६.१.५ सालझण्डी सन्धिखर्क ढोरपाटन सडक योजना

यो आयोजना आर्थिक वर्ष २०६६/६७ देखि शुरु भएको हो । कुल लम्बाई १९७ कि.मि. रहने यस आयोजनाको कुल लागत ७ अर्व ३८ करोड ४६ लाख अनुमान रहेको छ । चालु आर्थिक वर्ष २०७८/७९ पुस मसान्तसम्म सडकको कुल लम्बाइ मध्ये ९ कि.मि. कालोपत्रे, ७० कि.मि. ग्रावेल र ९६ कि.मि. कच्चि रहेको छ भने थप २२ कि.मि. कालोपत्रे कार्यको लागि ठेक्का भैसकेको छ । २०७८ पुस मसान्तसम्म रु. २ अर्व ४५ करोड २४ लाख खर्च भएको छ ।

### ६.१.६ लुम्बिनी प्रदेशमा संचालित अन्य राष्ट्रिय गौरव तथा केन्द्रीयस्तरका निर्माणाधिन आयोजनाहरु :

- हुलाकी राजमार्ग ।
- भेरी बबई डाइर्भसन बहुउद्देश्यीय आयोजना ।
- लुम्बिनी विकास कोष (लुम्बिनी गुरुयोजना) ।
- उत्तर-दक्षिण (कालिगण्डकी) लोकमार्ग ।
- भैरहवा विशेष आर्थिक क्षेत्र प्राधिकरण ।
- मध्यपहाडी लोकमार्ग ।
- लोकमार्गमा अप्टिकल फाइवर विछ्याउने कार्य ।
- नारायणगढ-बुटवल खण्डको सडक चौडा बनाउने योजना ।
- सिद्धार्थनगर नगरपालिका, नेपालगञ्ज र घोराही उपमहानगरपालिकामा संचालित एकीकृत सहरी विकास आयोजना ।
- बुटवल र घोराहीमा सभाहल निर्माण, प्यूठानमा जेष्ठ नागरिक आवास निर्माण ।

- भैरहवा-लुम्बिनी-तौलिहवा सडक आयोजना ।

**बक्सः ३ रोल्पा जिल्लास्थित माडी जलाशययुक्त जलविद्युत परियोजना (१५६ मेगावाट)**

चिनियां कम्पनी पावर कन्स्ट्रक्सन कर्पोरेशन अफ चाइना (पावर चाइना) र नेपाली जलबिद्युत लगानी तथा विकास कम्पनी (HIDCL) को संयुक्त लगानीमा रोल्पा जिल्ला स्थित माडि खोलामा १ सय ५६ मेगावाट जडित क्षमताको जलविद्युत आयोजनाको निर्माण हुने भएको छ । यस आयोजनाले मिति २०७६/०४/०५ गते विद्युत विकास विभागबाट सर्वेक्षण अनुमति पत्र प्राप्त गरेको र पावर चाइना संगको संयुक्त लगानीमा आयोजनाको विकास गर्ने सम्बन्धमा मिति २०७८/१०/०३ गते द्विपक्षीय सम्झौता भएको छ, जसमा ७४ प्रतिशत लगानी चिनियां कम्पनी तथा २६ प्रतिशत लगानी HIDCL को स्वपुँजी प्रयोग गरी आयोजना निर्माण हुने योजना रहेको छ । आयोजनाबाट वार्षिक ४५५.८ गिगावाट घन्टा उर्जा उत्पादन हुनेछ भने निर्माण अवधि ५ वर्ष र कुल लागत ३२ अर्व २० करोड रुपैया अनुमान गरिएको छ । यसरी उत्पादित विद्युतलाई २२० केभी प्रसारण लाइनमार्फत विद्युतगृह-देखि करीव ५० किलोमिटरको दुरीमा रहने प्रस्तावित भालुवाङ सवस्टेसनमा प्रवाह गरिनेछ ।

यस परियोजनाको सम्भाव्यता अध्ययनको स्थलगत अध्ययन मिति २०७६/१०/०२ गतेबाट विधिवत रुपमा सुरुवात भएको थियो । आयोजनाको सम्भाव्यता अध्ययनको कार्य पावर चाइनाले गरिरहेको छ । सम्भाव्यता अध्ययन अन्तर्गतको सर्भे र ड्रिलिंङ काम सम्पन्न भई पूर्व सम्भाव्यता अध्ययन करिव सकिएको तर कोभिड-१९ बाट सिर्जित परीस्थितिको कारणले टेस्ट टनेलको काम सुरु गर्न नसकिएकोले विस्तृत सम्भाव्यता अध्ययनको कार्य प्रभावित हुन गएको छ । हाल आयोजनाको अध्ययन कार्यहरु स्थगित रहेका छन् ।


यो आयोजना जलाशययुक्त जलविद्युत आयोजना भएको र ड्यामको उचाई करिव १७० मिटर अग्लो हुने र आयोजना क्षेत्रको भौगर्भिक अवस्थाको कारणले निर्माण कार्य कठिन र चुनौतिपूर्ण रहेको छ । आयोजनाको लागि लाग्ने ठुलो परिमाणको पूंजी व्यवस्थापन गर्ने कार्य समेत चुनौतिपूर्ण रहेको छ । आयोजना प्रभावित स्थानीय वासिन्दाको उचित व्यवस्थापन, तल्लो तटीय क्षेत्रमा पर्न सक्ने जोखिम तथा पर्ने क्षतिको उचित व्यवस्थापन, समयक्रमसंगै परिवर्तन हुनसक्ने कानुनि तथा नीतिगत व्यवस्था आदि परियोजनाको चुनौतीको रुपमा रहेका छन् । हाल आयोजना सम्भाव्यता अध्ययनको चरणमा रहेको र सो अध्ययनमा आयोजना वित्तीय रुपमा सम्भाव्य हुने नहुने, आयोजनाको निर्माण कार्य प्रस्तावित समयमै सम्पन्न गर्ने ईत्यादी विचारणीय पक्षहरु समेत रहेका छन् ।

***स्रोतः जलविद्युत् लगानी तथा विकास कम्पनी लिमिटेड ।***

## ६.२ रोजगारी :

### ६.२.१ वैदेशिक रोजगारी

कोभिड-१९ तेस्रो लहरको प्रभाव कम हुँदै गएको कारण समीक्षा अवधिमा यस प्रदेशमा बैदेशिक रोजगारमा जाने श्रमिकहरुको संख्या ४७९.८३ प्रतिशतले वृद्धि भई ५९ हजार ८ सय ५० पुगेको छ भने कोभिड-१९ (पहिलो र दोस्रो लहर) महामारीका कारण गत वर्षको सोही अवधिमा यो संख्या ८०.६६ प्रतिशतले घटेको थियो ।




यस प्रदेशको कुल वैदेशिक रोजगारीमा नवलपरासी जिल्लाको हिस्सा सबैभन्दा धेरै (१६ प्रतिशत) रहेको छ भने रुकुमपूर्व जिल्लाको हिस्सा सबैभन्दा कम (३ प्रतिशत) रहेको छ । यसैगरी, वैदेशिक रोजगारीमा रुपन्देहीको १५ प्रतिशत, कपिलवस्तुको ११ प्रतिशत, दाङको १० प्रतिशत, गुल्मीको ९ प्रतिशत, पाल्पाको ८ प्रतिशत, रोल्पा, अर्घाखाँची, र बाँकेको ६-६ प्रतिशत तथा प्यूठान र बर्दियाको ५-५ प्रतिशत हिस्सा रहेको छ *( चार्टः ६.१, स्रोतः वैदेशिक रोजगार विभाग )*। (नोटः नवलपरासी जिल्लामा नवलपरासी पूर्व तथा रुकुम जिल्लामा रुकुम पश्चिम समेत समावेश रहेको)

### ६.२.३ बैंक तथा वित्तीय संस्थाहरुमा रोजगारीको अवस्था

बैंक तथा वित्तीय संस्थाहरुबाट प्राप्त तथ्याङ्क अनुसार समीक्षा अवधिमा **'क'**, **'ख'**, **'ग'** र **'घ'** वर्ग का २१६६ वटा शाखाहरुमा पुरुष ७२६६ र महिला ५१०५ गरी कुल १२३७१ जनालाई रोजगार प्रदान गरेको छ । जस मध्ये ५१८२ जना **'क'** वर्गमा, १७७१ जना **'ख'** वर्गमा, २८३ **'ग'** वर्गमा र ५१३५ जना **'घ'** वर्गमा कार्यरत रहेका छन् (तालिका ६.१) ।

**तालिका ६.१: बैंक तथा वित्तीय संस्थाहरुमा रोजगारीको अवस्था**

| विवरण | पुरुष | महिला | कुल |
|---|---|---|---|
| 'क' वर्ग | ३४१० | १७७२ | ५१८२ |
| 'ख' वर्ग | १०३४ | ७३७ | १७७१ |
| 'ग' वर्ग | १६६ | ११७ | २८३ |
| 'घ' वर्ग | २६५६ | २४७९ | ५१३५ |
| **कुल रोजगारी** | **७२६६** | **५१०५** | **१२३७१** |

स्रोत: बैंक तथा वितीय संस्थाहरु ।

## ६.३ पूर्वाधार र रोजगारी क्षेत्रका सम्भावना र चुनौतीहरु

### संभावनाहरु

- उच्च क्षमताका बबई सिँचाइ आयोजना र सिक्टा सिंचाइ आयोजना पूर्ण रुपमा निर्माण सम्पन्न हुन सकेमा कृषियोग्य जमिनमा बाह्रै महिना सिंचाई सुविधा पुर्‍याउने उद्देश्य रहेकोले आयोजना सम्पन्न भए पश्चात यस क्षेत्रका कृषि उत्पादन र उत्पादकत्व बढ्नुको साथै कृषि क्षेत्रमा थप रोजगारीको संभावना रहेको छ ।
- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको २०७८ पुस मसान्तसम्म ९९.५ प्रतिशत भौतिक र ७८ प्रतिशत वित्तिय प्रगति रहेको र प्रतिवेदन तयार अवधि (फागुन महिनामा) २०७८ माघ महिनामा सफल परिक्षण उडान (Calibration Flight) समेत सम्पन्न गरेको कारण पर्यटन लगायत अन्य आर्थिक सामाजिक गतिविधिको संभावना बढेको छ ।
- सालझण्डी सन्धिखर्क ढोरपाटन सडक योजना सम्पन्न भए पश्चात सडक आसपासका जिल्लाहरुमा आर्थिक गतिविधि विस्तार हुने संभावना रहेको छ ।
- यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुको २१६६ वटा शाखाहरुमा कुल १२३७१ जनालाई रोजगार प्रदान गरेको छ । आगामी वर्षहरुमा शाखा संख्या विस्तार संगै रोजगारी संख्या समेत विस्तार हुने संभावना रहेको छ ।

### चुनौतीहरु

- सामाजिक तथा प्रकृयागत जटिलताले मुअब्जा दर निर्धारणमा कठिनाइ र राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र आयोजना परेको र आवागमनमा अवरोधात्मक बन्देज, नदीजन्य निर्माण सामाग्रीको अभाव आदिका कारण सिँचाई आयोजनाहरुको लागि जग्गा प्राप्त गर्ने कार्य, आवश्यक जनशक्ति, मेशिनरी उपकरण र निर्माण सामाग्रीको सहज ढुवानी गर्ने कार्यमा चुनौती रहेको छ ।
- सालझण्डी सन्धिखर्क ढोरपाटन सडक योजनाको आर्थिक वर्ष २०७८/७९ पुस मसान्तसम्म सडकको कुल लम्बाइमध्ये ९ कि.मि. मात्र कालोपत्रे भएको र थप २२ कि.मि.कालोपत्रे कार्यको लागि ठेक्का भएको भएतापनि बाँकी भागको कालोपत्रेको कार्य गरी समयमा निर्माण सम्पन्न गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।
- आयोजना चयन तथा निर्माणमा संघिय एवं प्रदेश सरकारको उपयुक्त समन्वय अभावका कारण कतिपय अवस्थामा पूर्वाधार निर्माण सर्न्दभमा स्वामित्व विबाद, निर्माण कार्य ढिलाई, मुआब्जा वितरणमा समस्या लगायत कतिपय उस्तै प्रकृतिका आयोजनाहरुमा दोहोरोपना समेत देखिएको छ ।

## परिच्छेद ७

# आर्थिक परिदृष्य

लुम्बिनी प्रदेश अन्तर्गत आर्थिक गतिविधि अध्ययनमा संलग्न रहेका जिल्लाका कृषि ज्ञान केन्द्र, भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सडक, पूर्वाधार विकास कार्यालय लगायत अन्य सरकारी कार्यालयहरु एवं विभिन्न औद्योगिक प्रतिष्ठानहरु, पर्यटन तथा होटल व्यवसाय र विभिन्न आयोजना कार्यालयहरुले उपलब्ध गराएको तथ्याङ्कहरुको तथ्याङ्कीय बिश्लेषण एवं सूचनाका आधारमा आगामी आर्थिक बर्षमा यस प्रदेशको आर्थिक परिदृष्य देहाय बमोजिम रहने अनुमान गरिएको छ ।

## ७.१ कृषि उत्पादन

- प्रमुख बालीतर्फ यस प्रदेशमा समयमै बर्षाको शुरुवात, धानको रोपाई समेत समयमै सम्पन्न भए तापनि कार्तिक महिनामा भएको बेमौसमी वर्षाले नवलपरासी, रुपन्देही लगायतका जिल्लाहरुमा धान खेती डुबानमा परेको कारण समग्र धान उत्पादनमा करिब ७.०८ प्रतिशतले ह्रास हुने अनुमान गरिएको छ ।
- यस प्रदेशमा समग्र गहुँबालीले ढाकेको भू-क्षेत्र वृद्धि भएको कारण गहुँ उत्पादन करीब १.३५ प्रतिशतले बृद्धि हुने अनुमान गरिएको छ ।
- त्यसैगरी मकै मिसन कार्यक्रम संचालन एवं उन्नत जातको बीउको प्रयोगले गर्दा गुल्मी, पूर्वी रुकुम जस्ता पहाडी र बर्दिया जिल्लाहरुमा मकै उत्पादन वृद्धि हुने अनुमान गरिएको भए तापनि प्रतिकुल मौसम अर्थात हावाहुरी को कारण समग्र मकै उत्पादनमा सामान्य ह्रास हुने अनुमान गरिएको छ ।
- बढ्दो तरकारीको मागसंगै रुकुम, रोल्पा, प्युठान जस्ता पहाडी जिल्ला एवं रुपन्देही लगायतका जिल्लाहरुमा व्यवसायीक तरकारी खेतीमा वृद्धि हुनुका साथै अनुदान कार्यक्रम, उन्नत बिउ विजन उत्पादन, ढुवानी, प्रशोधन, तथा बजारीकरणका लागि विभिन्न आयोजनाहरुबाट कृषकहरुलाई हुने सहयोगको कारण समग्र तरकारी उत्पादनमा करिब ५.२३ प्रतिशतले बृद्धि हुने अनुमान गरिएको छ ।
- पाल्पा लगायत संभाव्य जिल्लामा फलफूल प्रवर्द्धन कार्यक्रम मिसन तथा स्मार्ट जोन कार्यक्रम तथा नवलपरासीमा केरा खेती प्रर्वद्धन कार्यक्रम लागु भई क्षेत्रफल विस्तार र व्यवसायिकरण समेत बढ्दै गएको कारण समग्र फलफूल उत्पादन १.१२ प्रतिशतले बृद्धि हुने अनुमान रहेको छ ।
- दाङ, रुपन्देही तथा अर्घाखाँची जिल्लामा व्यवसायिक मत्स्यपालन विस्तार भएको कारण यस क्षेत्रमा माछा उत्पादन करीब २.६२ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।
- कृषकहरु व्यवसायिक रुपले पशुपालन व्यवसायमा आकर्षित भएको कारण रुपन्देही, दाङ, रुकुम पूर्व, अर्घाखाँची जिल्लाहरुको आधारमा समग्र दुध उत्पादन १.५० प्रतिशतले बढ्ने अनुमान गरिएको छ ।
- यस प्रदेशमा मासु उत्पादनको अवस्थामा क्रमिक सुधार आएको छ । प्रदेशका दाङ लगायत अन्य जिल्लाहरुमा पशुपालन व्यवसायमा कृषकहरुको आकर्षण बढेको, रुकुम पूर्वमा स्मार्ट कृषि गाउँ कार्यक्रम, भेंडा बाख्रा मिसन कार्यक्रम र वंगुर व्लक विकास कार्यक्रम एवम् सडक कोरिडोर जस्ता कार्यक्रमको प्रभावले समेत यस क्षेत्रको समग्र मासु उत्पादनमा करिब ४.८२ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।
- दाङ र रुपन्देही जिल्लामा कृषक व्यवसायीहरु कुखुरा पालन व्यवसाय तर्फ आर्कषित भएको र अन्य ठाउँमा पनि ह्याचरी उद्योगको संख्यामा हुने वृद्धि, स्थानीय तथा उन्नत फुलपार्ने कुखुराको संख्यात्मक वृद्धि हुने हुंदा समग्र अण्डा उत्पादनमा वृद्धि हुने अनुमान रहेको छ ।
- डिभिजन वन कार्यालयले उपलब्ध गराएको तथ्याङ्को आधारमा यस प्रदेशमा समग्र काठ उत्पादन र दाउरा उत्पादनमा उल्लेख्य ह्रास आउने तर जडिबुटी र अन्य वनजन्य उत्पादनमा वृद्धि हुने अनुमान रहेको छ

- यस प्रदेशमा शुरु गरिएको कृषिको समावेशी रुपान्तरणको लागि कफि लगायतका वस्तुहरुमा गरिएको मूल्य श्रृंखला कार्यक्रमले यस क्षेत्रका साना तथा सिमान्कृत किसानहरुको क्षमता अभिवृद्धि र विकासले कृषि उत्पादनमा सकारात्मक वृद्धि हुने देखिन्छ ।

## ७.२ औद्योगिक उत्पादन

- सडक तथा विद्युतीय पूर्वाधारहरुको विकास भएतापनि बैंकिङ्ग क्षेत्रको हालको Lonable fund को न्यूनता र सोको कारणले बैंक व्याजमा आएको अस्थिरता, पेट्रोलियम पदार्थको मूल्यमा भएको निरन्तर वृद्धि आदिका कारण उद्योग क्षेत्रमा प्रतिकूल प्रभाव पर्ने अनुमान रहेको छ ।
- बजार माग बढेको कारण सिमेण्टमा र क्लिंकरको उत्पादनमा वृद्धि हुने सम्भावना देखिएको ।
- समीक्षा अवधिमा रोजिनको उत्पादनमा ह्रास देखिएतापनि कच्चा पदार्थको उपलब्धतााको आधारमा आगामी ६ महिनामा रोजिनको उत्पादनमा वृद्धि हुने संभावना देखिएको ।
- औषधीको माग बढ्ने अनुमान गरिएको कारण उद्योगको उत्पादन क्षमतामा बृद्धि हुने देखिएकोले औषधीको चक्की उत्पादन करिव १५ प्रतिशतले वृद्धि हुने अनुमान रहेको ।

## ७.३ सेवा क्षेत्र

- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको सफल परिक्षण उडान (Calibration Flight) समेत सम्पन्न भएको, सरकारले कोरोना भाईरस विरुद्धको खोपलाई प्राथमिकता दिएको लगायत भारतीय पर्यटकहरुको लुम्बिनी लगायतका धार्मिक स्थलहरुको भ्रमण गर्ने एवं भारतीयहरुले भारतीय सीमा क्षेत्र नजिकका स्थानहरुमा Recreation प्रकृतिको भ्रमण गर्ने प्रवृत्ति बढेको एवं अन्तर्राष्ट्रिय हवाई उडानहरु पनि सुचारु भएकोले आगामी दिनहरुमा विदेशी पर्यटकहरुको आगमन बढ्ने अनुमान रहेको छ ।
- पर्यटन कार्यालय, अध्यागमन कार्यालय तथा होटल एसोसियसन अफ नेपाल, लुम्बिनी प्रदेश अनुसार आन्तरिक तथा बाह्य पर्यटकहरुको आगमन संख्या क्रमशः वृद्धि हुँदै गईरहेको अवस्थासंगै होटलमा रोजगारीको संख्या करिव २० प्रतिशतले बढ्ने अनुमान रहेको छ ।
- बैक तथा वित्तीय संस्थाहरुको बढ्दो उपस्थितिसँगै यस क्षेत्रमा प्रवाह हुने वित्तीय सेवा र थप आर्थिक गतिविधिले यस प्रदेशको आर्थिक वृद्धिमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

## ७.४ पूर्वाधार क्षेत्र

- यस प्रदेशमा निर्माणाधीन ५ वटा राष्ट्रिय गौरवका आयोजनाहरुमध्ये सिक्टा र बबई सिँचाई तथा भेरी बबई डाइभर्सन सिँचाई आयोजनाहरुको निर्माण कार्यसम्पन्न पश्चात् यस प्रदेशका बाँके र बर्दिया जिल्लाहरुमा कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुने अपेक्षा गर्न सकिन्छ ।
- रुपन्देहीको मणिग्राममा स्थापना भएको वुटवल ग्रीड जडित सौर्य विद्युत् आयोजनाको सफल संचालन र यसको सांकेतिक प्रभावस्वरुप प्रदेशका अन्य पहाडी क्षेत्रहरुमा वायु तथा सौर्य उर्जासंग सम्बन्धित आयोजनाहरु स्थापना हुने अनुमान गरिएको छ ।
- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको पूर्ण क्षमतामा संचालनले यस क्षेत्रको होटल व्यवसाय तथा सोसँग सम्बन्धित अन्य सेवा व्यवसायहरु जस्तैः यातायात, ट्राभल्स एण्ड टुर्स, व्यापारिक कारोबार ईत्यादि विस्तार भई रोजगारी विस्तार एवम् सोको बहुआयामिक प्रभाव पर्ने देखिन्छ ।
- कोभिड-१९ को महामारी असर कम हुँदै गएको र लकडाउन समेत नरहेको कारण पूर्वाधार क्षेत्रमा काम गर्न भारतीय सिमावर्ती क्षेत्रका दक्ष कामदारहरु पर्याप्त मात्रामा आउने क्रम जारी रहेकोले यस क्षेत्रको पूर्वाधार निर्माण कार्यमा गति आउने अनुमान गरिएको छ ।
- रोल्पा जिल्लाको समृद्धि बोकेको माडी जलाशययुक्त जलविद्युत् आयोजनाको संभावनाले यस क्षेत्रको आर्थिक वृद्धिमा कोशेढुंगाको काम गर्ने अनुमान गर्न सकिन्छ । यसको निर्माण एवं सुसंचालन समयमै सम्पन्न हुन सकेमा सोबाट यस क्षेत्रको वृहत्तर विकासमा महत्वपूर्ण योगदान पुग्ने देखिन्छ ।